लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

# लेकवेशी नगरपालिका, सुर्खेत
## नगर सभाको १९औ अधिवेशनको
## पहिलो बैठकबाट भएका छलफल तथा निर्णयहरू

मिति २०८३।०३।०९

बैठक संख्याः १

### क्रियाकलाप

१. लेकवेशी नगरपालिका, नगरसभाको १९औं अधिवेशन नगरसभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले आरम्भ गर्नुभयो ।

२. नगरसभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम नगर सभा समक्ष पेश गर्नु भयो र वार्षिक नीति तथा कार्यक्रम माथि सभा सदस्यहरूले छलफलमा भाग लिनु भयो ।

३. नगर सभा अध्यक्षज्यूले पेश गर्नु भएको आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पारितको लागि सभा समक्ष निर्णयार्थ पेश गर्नु भयो र नगर सभाबाट आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत पारित भयो ।

४. नगर उप-प्रमुखज्यूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्नुभयो र सो प्रस्ताव सभा अध्यक्षज्यूले सभा समक्ष निर्णयार्थ पेश गरी सभाबाट सर्वसम्मत पारित भयो ।

५. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि सभा सदस्यज्यूहरूले छलफलमा भाग लिनु भयो र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सभाबाट स्वीकृत गरियोस् भन्ने प्रस्ताव उप-प्रमुखज्यूले पेश गर्नुभयो र सभा अध्यक्षज्यूबाट प्रस्ताव निर्णयार्थ सभा समक्ष प्रस्तुत भई सभाबाट सर्वसम्मत पारित भयो ।

६. नगर सभा अध्यक्षज्यूबाट अर्को बैठक २०८३/०३/१० गते दिउँसो १ बजे बस्ने गरी पहिलो बैठक स्थगन गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

लेकवेशी नगरपालिका, सुर्खेत
नगर सभाको १९औं अधिवेशनको
पहिलो बैठकबाट भएका निर्णयहरू

निर्णय नं. १

कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) र नगर प्रमुखज्यूबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम नगरसभामा पेश भई सभाका सदस्यहरूबाट दफावार तथा समग्र रूपमा छलफल सम्पन्न भयो । छलफलका क्रममा नगर सभा सदस्यहरूबाट प्राप्त सुझाव, सल्लाह तथा रायहरूलाई आवश्यकताअनुसार समावेश गर्दै नगरपालिकाको दीर्घकालीन विकास, सुशासन, सेवा प्रवाह, आर्थिक समृद्धि, सामाजिक विकास, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वातावरण संरक्षण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखी प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई यस नगरसभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । साथै, पारित नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिकालाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने निर्णय समेत गरियो।

निर्णय नं. २

लेकवेशी नगरपालिकाको नगरसभाको १९औं अधिवेशनको पहिलो बैठक सञ्चालन गर्न आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुने नगर सभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै १९औं अधिवेशनको दोस्रो बैठक २०८३।०३।१० गते बस्ने गरी आजको बैठक स्थगित गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

लेकवेशी नगरपालिका, सुर्खेत

नगरसभाको १९औ अधिवेशनको

दोस्रो बैठकबाट भएका छलफल तथा निर्णयहरू

मिति २०८३।०३।१०

बैठक संख्या: २

क्रियाकलापहरू

१. लेकवेशी नगरपालिका, नगरसभाको १९औ अधिवेशनको दोस्रो बैठक नगरसभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले आरम्भ गर्नुभयो ।

२. नगर उप-प्रमुख श्री विमला खड्लुकज्यूले सभा अध्यक्षज्यूको अनुमति बमोजिम क्रमश: विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ नगर सभा समक्ष पेश गर्नु भयो ।

३. कार्यसूची बमोजिम नगर सभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले आगामी आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम नगर सभा समक्ष पेश गर्न नगर उप-प्रमुख श्री विमला खड्लुकज्यूलाई समय दिनु भई नगर उप-प्रमुखज्यूले बजेट तथा कार्यक्रम सभामा पेश गर्नुभयो ।

४. नगर सभा अध्यक्षज्यूबाट अर्को बैठक २०८३/०३/३० गते दिउँसो १:०० बजे बस्ने गरी दोस्रो बैठक स्थगित गर्नुभयो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

लेकवेशी नगरपालिकाको मिति २०८२।०३।१० गते बसेको नगरसभाको १७औं अधिवेशनको दोस्रो बैठकको निर्णयहरू

निर्णय नं. १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरू सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गर्ने सम्बन्धमा तयार गरिएको **लेकवेशी नगरपालिकाको विनियोजन विधेयक, २०८३** नगर उप-प्रमुखज्यूबाट नगर सभामा पेश गरियो । उक्त विधेयक माथि नगरसभा सदस्यहरूलाई अध्ययन तथा आवश्यक सुझाव पेश गर्ने अवसर प्रदान गर्न विधेयकको प्रतिलिपि उपलब्ध गराउने तथा विधेयकलाई आगामी बैठकको कार्यसूचीमा समावेश गरी दफावार छलफल पश्चात् पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ (१) बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ मा नगरपालिकाले उठाउने कर, शुल्क, दस्तुर, सेवा शुल्क तथा अन्य राजश्व सम्बन्धी व्यवस्था गर्न तयार गरिएको **लेकवेशी नगरपालिकाको आर्थिक विधेयक, २०८३** नगर उप-प्रमुखज्यूबाट नगर सभामा पेश गरियो । उक्त आर्थिक विधेयकमाथि नगरसभा सदस्यहरूलाई अध्ययन, समीक्षा तथा आवश्यक सुझाव पेश गर्ने अवसर प्रदान गर्न विधेयकको प्रतिलिपि उपलब्ध गराउने र विधेयकलाई आगामी बैठकको कार्यसूचीमा समावेश गरी दफावार छलफल पश्चात् पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको **वार्षिक बजेट तथा कार्यक्रम** नगर उप-प्रमुखज्यूबाट नगर सभामा प्रस्तुत गरियो । प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रमहरू माथि नगर सभा सदस्यहरूलाई अध्ययन, समीक्षा तथा आवश्यक सुझाव पेश गर्ने अवसर प्रदान गर्न बजेट तथा कार्यक्रमको विवरण उपलब्ध गराउने, सदस्यहरूबाट प्राप्त सुझाव तथा रायहरूलाई आवश्यकतानुसार समावेश गर्ने तथा आगामी बैठकमा विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो । साथै, कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ तथा प्रचलित कानुन बमोजिम सदस्यहरूले आवश्यक संशोधन प्रस्ताव पेश गर्न सक्ने व्यवस्था मिलाई उक्त बजेट तथा कार्यक्रमलाई आगामी बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ४

महालेखा परीक्षकको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम सम्पन्न गरिएको यस लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन यस सम्मानित नगर सभामा पेश गरियो । पेश भएको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु, सुझाव, टिप्पणी तथा सुधार गर्नुपर्ने विषयवस्तुहरूको विस्तृत अध्ययन, विश्लेषण तथा आवश्यक छलफलका लागि प्रतिवेदन नगर सभा

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

सदस्यहरूलाई उपलब्ध गराउने साथै, प्रतिवेदन माथि आगामी बैठकमा विस्तृत छलफल गरी आवश्यक निर्णय लिने तथा प्रचलित कानुन बमोजिम नियमित गर्न मिल्ने बेरुजु नियमित गर्ने, असुल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्ने तथा सुधारात्मक कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा निर्णयार्थ पेश गर्ने व्यवस्था मिलाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ५

लेकवेशी नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधी २०७४ को दफा ६ को उपदफा (३) अनुसार यस लेकवेशी नगरपालिकाको चालु नगरसभाको १९औं अधिवेशनको तेस्रो बैठक मिति २०८३ असार ३० गते दिउँसो १:०० बजे पुनः बस्ने गरी स्थगित गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

लेकवेशी नगरपालिका, सुर्खेत

नगर सभाको १९औ अधिवेशनको

तेस्रो बैठकबाट भएका छलफल तथा निर्णयहरू

मिति २०८३।०३।३०

बैठक संख्याः ३

क्रियाकलाप

१. लेकवेशी नगरपालिका, नगरसभाको १७औं अधिवेशनको तेस्रो बैठक नगरसभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले आरम्भ गर्नुभयो ।

२. कार्यसूची अनुसार नगर उप-प्रमुखज्यूले नगर सभा अधिवेशनको दोस्रो बैठकमा पेश गर्नु भएको आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सभामा छलफल भई सभा अध्यक्षज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मत पारित भयो ।

३. कार्यसूची बमोजिम नगर सभा अधिवेशनको दोस्रो बैठकमा पेश भएको आर्थिक विधेयक, २०८३ माथि नगर सभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले दफावार छलफलमा भाग लिन सभा सदस्यहरूलाई समय दिनु भयो र सभा सदस्यहरू छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नु भयो । आर्थिक विधेयक, २०८३ सभा अध्यक्षज्यूबाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

४. कार्यसूची बमोजिम नगर सभा अधिवेशनको दोस्रो बैठकमा पेश भएको विनियोजन विधेयक, २०८३ माथि नगर सभा अध्यक्ष श्री उमेश कुमार पौडेलज्यूले दफावार छलफलमा भाग लिन सभा सदस्यहरूलाई समय दिनु भयो र सभा सदस्यहरू छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नु भयो । विनियोजन विधेयक, २०८३ सभा अध्यक्षज्यूबाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

५. नगर उप-प्रमुखज्यूले लेकवेशी नगरपालिकाको आ.व. ०८२/०८३ को योजना अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन सभामा पेश गर्नु भई सर्वसम्मत अनुमोदन गरियो ।

६. अर्थ तथा सार्वजनिक लेखा समितिका सदस्य श्री केशर बहादुर श्रीसले लेकवेशी नगरपालिकाको आ.व. ०८२/०८३ को वार्षिक खर्च र राजश्व प्रतिवेदन सभामा पेश गर्नु भई सर्वसम्मत अनुमोदन गरियो ।

७. अर्थ तथा सार्वजनिक लेखा समितिका सदस्य श्री केशर बहादुर श्रीसले आर्थिक वर्ष २०८१/०८२ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन छोटो विधिबाट प्रस्तुत भयो र नियमित गर्न मिल्ने प्रकृतिका बेरूजुहरू नियमित गर्न, असुल गर्नु पर्ने बेरूजु असुल गरी फछ्र्यौट गर्न, गराउन तथा आगामी दिनमा बेरूजु नआउने गरी कार्ययोजना बनाई काम गर्न नगर कार्यपालिकालाई निर्देशन गरी प्रतिवेदन सर्वसम्मत अनुमोदन गरियो ।

८. नगर उप-प्रमुखज्यूले लेकवेशी नगरपालिकाको आ.व. ०८२/०८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन सभामा पेश गर्नु भई सर्वसम्मत अनुमोदन गरियो ।

९. सामाजिक विकास समितिका संयोजक श्री प्रतिमान बाकाबलज्यूले लेकवेशी नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८३ प्रस्तुत गर्नु भई प्रस्तुत विधेयक सर्वसम्मतिले पारित गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

१०. लेकवेशी नगरपालिकाको १५ शैया नगर अस्पतालको नयाँ भवन निर्माणको म्याद थप गर्ने सम्बन्धमा सभाध्यक्षज्यूबाट प्रस्ताव पेश हुँदा आवश्यक छलफल गरी निर्माण कम्पनीबाट माग गरिए बमोजिमको अवधि म्याद थप गर्न सर्वसम्मतिले पारित गरियो ।

११. सभा अध्यक्षज्यूले समसामयिक विषयमा छलफलको लागि समय दिनु भई विभिन्न सार्वजनिक सरोकारका विषयमा नगर सभामा छलफल तथा विमर्श गरियो । अन्तिममा देहायका नीतिगत निर्णय गरी सभा अध्यक्षज्यूले नगर सभाको १९औं अधिवेशन अन्त्य भएको घोषणा गर्नु भयो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

## निर्णयहरु

निर्णय नं. १

यस लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम, बजेट र विनियोजन सम्बन्धी प्रस्ताव माथि विस्तृत छलफल सम्पन्न भई सभा सदस्यहरूबाट प्राप्त सुझाव तथा रायहरूलाई आवश्यकतानुसार समावेश गर्ने गरी नगर कार्यपालिकाबाट पेश भएको वार्षिक बजेट तथा कार्यक्रमलाई कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पारित गर्ने निर्णय गरियो । साथै, पारित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक विनियोजन, खर्च व्यवस्थापन, कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू प्रचलित कानून, नीति तथा मापदण्ड बमोजिम अगाडि बढाउने र कार्यान्वयनको प्रगति समय-समयमा नगर सभामा जानकारी गराउन कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २

यस नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल सम्पन्न भई सभा सदस्यहरूबाट प्राप्त सुझाव तथा रायहरूलाई आवश्यकतानुसार समावेश गर्ने गरी नगर कार्यपालिकाबाट पेश भएको आर्थिक विधेयक, २०८३ लाई कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । उक्त आर्थिक विधेयकमा व्यवस्था गरिएका कर, शुल्क, दस्तुर, सेवा शुल्क, जरिवाना, राजस्व संकलन तथा अन्य आर्थिक व्यवस्थाहरू आर्थिक वर्ष २०८३/०८४ देखि लागू हुने गरी कार्यान्वयनमा ल्याउने तथा कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

निर्णय नं. ३

यस नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयक, २०८३ माथि दफावार छलफल सम्पन्न भई सभा सदस्यहरूबाट प्राप्त सुझाव तथा रायहरूलाई आवश्यकतानुसार समावेश गर्ने गरी नगर कार्यपालिकाबाट पेश भएको विनियोजन विधेयकलाई कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । उक्त विनियोजन विधेयकद्वारा आर्थिक वर्ष २०८३/०८४ का लागि नगरपालिकाको सञ्चित कोषमाथि व्ययभार हुने सेवाहरू तथा विकास कार्यक्रम, प्रशासनिक कार्य, सामाजिक, आर्थिक तथा पूर्वाधार विकासका क्षेत्रहरूमा आवश्यक खर्च गर्न विनियोजन गरिएको रकम स्वीकृत गर्ने तथा सोही बमोजिम बजेट कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने साथै, विनियोजित बजेट तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू प्रचलित कानून, नीति तथा मापदण्ड बमोजिम सञ्चालन गर्न निर्देशन दिने निर्णय समेत गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर नगरपालिका
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय नं. ४

यस नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नगरपालिकाद्वारा सञ्चालित योजना, कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन माथि आवश्यक छलफल सम्पन्न भई प्रतिवेदनमा उल्लेख भएका उपलब्धि, प्रगति, समस्या, चुनौती तृथा सुझावहरूलाई मनन गर्दै प्रतिवेदनमा औंल्याइएका सुझाव तथा सुधारका पक्षहरूलाई आगामी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा समावेश गरी कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउने व्यवस्था मिलाउने साथै अनुगमन तथा सुपरीवेक्षणबाट देखिएका कमजोरीहरूलाई सुधार गर्न तथा उत्कृष्ट अभ्यासहरूलाई संस्थागत गर्न नगर कार्यपालिकाले आवश्यक पहल गर्ने र सोको प्रगति सम्बन्धमा आगामी नगर सभामा जानकारी गराउने गरी उक्त प्रतिवेदनलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक आय-व्यय (राजस्व तथा खर्च) प्रतिवेदन माथि आवश्यक छलफल सम्पन्न भई उक्त आर्थिक वर्षमा नगरपालिकाले गरेको राजस्व संकलन, अनुदान प्राप्ति, आन्तरिक आय, पूँजीगत तथा चालु खर्च लगायत समग्र आर्थिक कारोबारको विवरण अध्ययन तथा समीक्षा गरियो। प्रस्तुत प्रतिवेदनले नगरपालिकाको आर्थिक गतिविधि, आय-व्ययको यथार्थ अवस्था तथा बजेट कार्यान्वयनको प्रगतिलाई प्रतिबिम्बित गरेको देखिएकाले प्रतिवेदनमा औंल्याइएका सुधारका पक्षहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा, राजस्व परिचालन, वित्तीय व्यवस्थापन तथा खर्च प्रणालीलाई थप प्रभावकारी, पारदर्शी, मितव्ययी र नतिजामुखी बनाउन आवश्यक व्यवस्था मिलाउँदै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम आर्थिक वर्ष २०८२/०८३ को वार्षिक खर्च तथा राजस्वको प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगर सभामा पेश भएको महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन माथि छलफल गर्दा प्रतिवेदनमा औंल्याइएका बेरूजुहरूमध्ये प्रचलित कानून, नियम, कार्यविधि तथा प्रमाण कागजातका आधारमा नियमित गर्न मिल्ने प्रकृतिका बेरूजुहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून तथा अन्य सम्बन्धित कानूनी व्यवस्था बमोजिम नियमित गर्ने साथै, नियमित गर्न नमिल्ने तथा असुलउपर, प्रमाण पेश, जिम्मेवारी कायम, शोधभर्ना वा अन्य आवश्यक कारबाही गर्नुपर्ने बेरूजुहरू सम्बन्धमा सम्बन्धित निकाय तथा पदाधिकारीहरूले प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र आ.व. ०८१/०८२ मा सम्पादन गरेका आर्थिक कारोवारहरूको महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको देहायको बेरूजु नियमित गर्न अर्थ तथा सार्वजनिक लेखा समितिबाट यस सम्मानित नगर सभामा पेश भए बमोजिमका बेरूजुहरू माथि दफावार छलफल गर्दा कुनै पनि प्रकारको सरकारी नगदी, जिन्सीको हानी, नोक्सानी नभएको र त्यस्ता कार्यहरू आगामी दिनहरूमा नगरिने प्रतिवद्धता गर्दै आ.व. २०८१/०८२ को देहायका बेरूजु सम्परीक्षण गरी नियमित गरिदिन हुन महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

तपसिलः

| क्र.स. | आ.व. | बेरुजु दफा नं | गौ.भौ. नं /मिति | बेरुजुको संक्षिप्त व्यहोरा | रकम रु | लेखा समितिको बैठकका निर्णय ,राय एवम पुष्ट्याई कागजातहरु | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ०७५/७६ | ५० | ३७२-२०७६/२/१४,२२१-२०७५/१२/२१,१२३-२०७५/१०/५,१०२-२०७५/१०/६ | लागत अनुमान र सम्झौता विना भुक्तानी | १३३३३८ | विभिन्न सडक योजनाहरूमा लागत अनुमान र सम्झौता विना अतिरिक्त कार्य भई कुल रु. १३३,३३७.६६ बढी भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा लेखा समितिमा विस्तृत छलफल गरियो। उक्त निर्माण कार्यहरू सञ्चालन गर्दा कार्यस्थलको भौगोलिक बनोट र तत्कालको प्राविधिक आवश्यकताका कारण सम्झौता भन्दा बाहेकका अतिरिक्त कार्यहरू (जस्तैः सफ्ट रक, अर्थन ड्रेन, ड्राइ वाल, आदि) उपभोक्ता समिति मार्फत गराइएको र प्राविधिकबाट नापजाँच भई कार्य सम्पन्न भइसकेको भए तापनि सोको स्वीकृत संशोधित लागत अनुमान समयमा पेस् हुन नसकेको अवस्था देखियो। उक्त भौतिक संरचनाहरू फिल्डमा निर्माण भई सडक सञ्चालनमा आइसकेको, जनहितका लागि भएको उक्त खर्चमा व्यक्तिगत बदनियत नदेखिएको र कार्यालयले आफ्नो त्रुटि स्वीकार गर्दै हालका दिनमा लागत अनुमान र सम्झौता विना कार्य गराउने तथा भुक्तानी दिने जस्ता नियम विपरीतका कार्यहरू पूर्ण रूपमा बन्द गरिसकेको प्रतिबद्धता जनाएकाले; प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन र नापजाँच किताबलाई मुख्य पुष्ट्याईंको आधार मानी उक्त रु. १३३,३३७.६६ बेरुजुलाई एक पटकका लागि नियमित गरी बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो। साथै, आगामी दिनमा सार्वजनिक खरिद ऐन र नियमावलीको अक्षरांशः पालना गरी पूर्व स्वीकृत लागत अनुमान र सम्झौता विपरीतका कुनै पनि कार्य नगर्न/नगराउन कार्यालयलाई सचेत गराउने निर्णय गरियो। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ०७५/७६ | ५९ | २/३-<br>२०७५/५/२०,६-<br>२०७५/६/१६,८-<br>२०७५/६/१७,१०-<br>"२०७५/६/१८ | विल भरपाई बेगर भुक्तानी | १५२७३६९ | प्रतिवेदनको बुँदा नं. ५९ मा उल्लिखित सडक तथा पुल मर्मत कार्य अन्तर्गत प्राविधिक कर्मचारीहरूलाई प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र भुक्तानी गरिएको तर डोर हाजिरी फारम र सामान खरिदको बिल भरपाई संलग्न नभएको भनी कायम गरिएको रु. १५,२७,३६९/- (पन्ध्र लाख सत्ताइस हजार तीन सय उनन्साठी मात्र) बेरुजुको सम्बन्धमा विस्तृत छलफल गरियो। उक्त सडक तथा पुल मर्मत कार्य वर्षात, बाढी-पहिरो तथा भौगोलिक विकटताका कारण अवरुद्ध हुन गई सर्वसाधारणको आवतजावत, खाद्यान्न ढुवानी र आकस्मिक स्वास्थ्य सेवा समेत ठप्प हुन पुगेकाले जनसरोकारको संवेदनशीलतालाई ध्यानमा राखी यातायात तत्काल सुचारु गर्नुपर्ने आकस्मिक एवं अपवादजन्य परिस्थिति सिर्जना भएको, तथा कार्यस्थल आसपासमा नियमानुसारको प्यान वा भ्याट बिल उपलब्ध हुने बजारको पहुँच नभएकाले तत्काल डोर हाजिरी र खरिद बिलको स्रेस्ता बेलैमा दुरुस्त राख्न नसकिए तापनि, प्राविधिकहरूको प्रत्यक्ष सुपरीवेक्षणमा कार्यस्थलमा भौतिक रूपमा वास्तविक कार्य सम्पन्न भई सोको प्राविधिक मूल्याङ्कन समेत स्वीकृत भई कार्य भएकै पुष्टयाईं भइसकेको देखियो। यसर्थ सार्वजनिक सेवा अवरुद्ध हुन नदिने मुख्य उद्देश्यका साथ कार्यस्थलमा भौतिक रूपमा काम सम्पन्न भइसकेको सुनिश्चितता र सो समयको विशेष परिस्थितिलाई दृष्टिगत गर्दै उक्त भुक्तानीलाई अपवादको रूपमा नियमित गर्न सिफारिस गर्ने र आगामी दिनमा यस्ता स्रेस्ताहरू अनिवार्य रूपमा संलग्न गरेर मात्र भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्देशन दिने र यो बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो। | |
| २०७५।०७६ को जम्मा | | | | | १६६०७०७ | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| २०७६।०७७ | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ०७६/७७ | १५ | कर्मचारी करार | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(८) मा भएको व्यवस्था बाहेक सेवा प्रवाहको लागि करार सम्झौताबाट सिभिल ईन्जिनियर सहायक चौथौ सहायक सुपरभाइजर अ हे व ल्या अ ना प्रा स लगायतका जनशक्ति करार सेवा लिई खर्च लेखेको रकम अनियमित भएको रु | ४८०८४४० | यस नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ मा दरबन्दी भन्दा बढी करार कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा—५ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ्ग सेन्टर, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा नगर अस्पताल सञ्चालन गरी नागरिकलाई सुरक्षित मातृत्व र आधारभूत उपचार जस्ता अत्यावश्यक एवं संवेदनशील सेवा प्रवाह गरिएको हुँदा उक्त खर्चलाई आर्थिक हानि-नोक्सानी मान्न मिल्ने देखिँदैन। साविक गाविश/जिविसबाट हस्तान्तरण भई आएका र हाल कार्यरत कर्मचारीहरूको पारिश्रमिकलाई नियामक निकायहरूको निर्देशन र मानवीय दृष्टिकोण समेतका आधारमा बेरुजु कायम राख्नु न्यायसंगत देखिँदैन। साथै, सुधारात्मक कदम अन्तर्गत हाल नगरपालिकामा स्वीकृत दरबन्दी बेगरका वा दरबन्दी बाहिरका कुनै पनि करार कर्मचारी नरहेको र विगतदेखि स्वीकृत दरबन्दी एवं कार्यक्रम भित्र कार्यरत कर्मचारी बाहेकका अन्य रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग समेत पठाइसकिएको हुँदा; सेवाको अपरिहार्यता, आर्थिक नोक्सानी नभएको तथ्य, दरबन्दी बाहिरका कर्मचारी कटौती र स्थायी पदपूर्तिको प्रक्रियालाई मुख्य आधार मानी उक्त बेरुजु रकम सम्परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरिएको छ। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ०७६/७७ | १६ | दरबन्दी भन्दा बढी नियुक्ति | निजामति सेवा नियमावली २०५० को नियम ११ मा कुनैपनि कार्यालयम पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारी नियुक्त गरि तलब खुवाएमा त्यसरी खुवाउने तलब नियक्त गर्ने पदाधिकारीबाट असुल गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघिय सरकारकले स्वीकृत गरी पठाएको दरबन्दी बाहेक विभन्न १० पदमा थप ४३ दरबन्दी थप गरी कार्यपालिकाले बाट स्वीकृत गरेको छ । उक्त दरबन्दी मध्ये न पा तर्फ ६ जना वडा कार्यालय तर्फ १० जना स्वास्थ्य चौकी तर्फ ३ जना गरी कुल १९ जनाको पद सृजना गरेकोमा यस वर्ष २२ जना कार्यालय सहयोगी नियुक्त गरी तलव | ५०४००० | आ व ०७६ ।७७ मा यस नगरपालिकाको लागि संघीय सरकारले स्वीकृत गरी पठाएको दरबन्दी बाहेक कार्यपालिकाले सेवा करारमा लिन सकिने पदहरु कार्यपालिकाले स्वीकृत गरेको मा स्वास्थ्य संस्थामा तत्काल कार्यालय सहयोगी आवश्यक भई करारमा लिएको देखिएको । हाल नगरपालिका र् अन्तर्गत का कार्यालयहरुको लागि कार्यालय सहयोगी पदहरु नगरसभाबाट स्वीकृत दरबन्दी बमोजिम सेवा करारमा लिने गरीएको र स्वीकृत दरबन्दी भन्दा बढी कार्यालय सहयोगी पद सेवा करार पद नलिएको हुँदा उक्त बेरुजु रकम नगर सभाबाट नियमित गरी संपरीक्षण को लागि महालेखापरिक्षको कार्यालयमा अनुरोध गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | भुक्तानी गरेको छ । दरवन्दी भन्दा बढि ३ जना कर्मचारी थप गरी मासिक रु १४००० ले वार्षिक रु ५०४००० बढी व्यय भार पारेको रु. | | | |

लेकबेसी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०७६/७७ | ६८ | विविध भौचरहरु | करार स्वंयमसेवक शिक्षक | ७६१६८०६ | नगर कार्यपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत स्वयंसेवक शिक्षकहरूलाई कोभिड-१९ को अवधिमा भुक्तानी गरिएको पारिश्रमिकका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको च.नं. १०, मिति २०८१/०१/१० को सम्परीक्षण सम्बन्धी पत्रमा उल्लेखित व्यहोरामाथि बैठकमा विस्तृत छलफल गरियो। उक्त अवधिमा गरिएको भुक्तानी कुनै अतिरिक्त भत्ता वा थप आर्थिक सुविधा नभई, विद्यालयहरूमा दरबन्दी रिक्त रहेको अवस्थामा कार्यरत स्वयंसेवक शिक्षकहरूले स्थायी शिक्षक सरह नै आफ्नो तोकिएको पदीय जिम्मेवारी पूर्ण रूपमा वहन गरेको र लकडाउनको कठिन परिस्थितिमा समेत स्वास्थ्य सुरक्षाका सम्पूर्ण सतर्कता अपनाउँदै वैकल्पिक शिक्षण विधिहरू प्रयोग गरी शैक्षिक सत्रलाई निरन्तरता दिन कार्यक्षेत्रमा खटिएको पुष्टि हुन आएको छ। यसका साथै, उक्त विद्यालयहरूमा रहेको शिक्षक र विद्यार्थीको अनुपात लाई समेत स्पष्ट रूपमा विश्लेषण गरी वास्तविक आवश्यकताका आधारमा नै स्वयंसेवक शिक्षकहरू परिचालन गरिएको प्राविधिक प्रतिवेदन संलग्न राखिएको छ; साथै उक्त पारिश्रमिक भुक्तानीमा बेरुजु औंल्याइएपछि मिति २०७९/११/२८ को निर्णयानुसार हाल ती सम्पूर्ण स्वयंसेवक शिक्षकहरूलाई हटाइसकिएको व्यहोरा समेत स्पष्ट पार्दै, शिक्षकहरूले साविकमा पुऱ्याएको वास्तविक सेवा र विद्यार्थी संख्याको अनुपातका आधारमा नियमित पारिश्रमिक मात्र भुक्तानी भएकाले यसबाट संस्थालाई कुनै पनि किसिमको आर्थिक हानि नोक्सानी नभएको व्यहोरा स्पष्ट देखिन्छ। तसर्थ, विषम परिस्थितिको यथार्थतालाई मध्यनजर गरी एक पटकको बेरुजु सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पुनः पेश गर्ने र आगामी दिनहरूमा यस्ता नियमित पारिश्रमिक भुक्तानी प्रक्रियालाई थप व्यवस्थित, कानुनसम्मत र पारदर्शी बनाउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो। | |

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०७६/७७ | ७८ | ३७८-२०७७।०३।३१ | नगरपालिकाका कर्मचारी पदाधिकारी बैठक बसी भत्ता खर्च लेखेको | ४७३०२५ | नगरपालिका अन्तर्गतका विभिन्न समितिका बैठकहरूमा बैठक बसेबापत बैठक भत्ता खर्च लेखेको भनी महालेखा परीक्षकको कार्यालयबाट औँल्याइएको बेरुजुको सम्बन्धमा, महालेखाको सुझाव बमोजिम हाल त्यस्तो कार्य पूर्ण रूपमा बन्द गरी प्रक्रियागत सुधार भइसकेको देखिन्छ। तत्कालीन परिस्थितिमा वास्तविक रूपमै बैठक बसी कार्य सम्पादन भएको, बैठकका समयमा खाजा खानाको छुट्टै व्यवस्था नगरिएको हुँदा भत्ता भुक्तानी हुन गएको हो र यसमा कुनै पनि प्रकारको आर्थिक हिनामिना नभएको तथा हाल सो प्रक्रियामा पूर्ण सुधार हुनुका साथै लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ बमोजिम खर्चलाई थप मितव्ययी समेत बनाइएको अवस्थालाई दृष्टिगत गर्दै; उक्त औँल्याइएको बेरुजु रकमलाई नगर सभाको आगामी अधिवेशनबाट नियमित गराई सम्परीक्षण का लागी पठाउने साथै, आगामी दिनमा कानुन र मापदण्डले तोकेका समितिहरूलाई मात्र बैठक भत्ता उपलब्ध गराउन र पदाधिकारी तथा कर्मचारीहरू मात्र बस्ने बैठकमा कुनै पनि प्रकारको बैठक भत्ता भुक्तानी नदिन कार्यापालिकालाई निर्देशन दिने निर्णय गरियो । | |
| ४ | ०७६/७७ | ८७ | विविध भौचर | बिल भरपाई लेखी खर्च लेखेको आधारमा कार्यक्रम संचालन भएको भन्न सकिने नदेखिएको रु | ४०००० | नसर्ने रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनका क्रममा भएको रु. ४०,०००/- (अक्षरेपी चालिस हजार रुपैयाँ मात्र) को बेरुजु सम्बन्धमा विस्तृत छलफल गरियो। उक्त कार्यक्रम सञ्चालनका क्रममा केही प्रक्रियागत कागजातहरू पूर्ण नभएको पाइए तापनि वस्तुगत अवस्था विश्लेषण गर्दा तोकिएको कार्यक्रम वास्तविक रूपमै सम्पन्न भएको र सोबाट सरकारी कोषमा कुनै पनि हानी-नोक्सानी वा आर्थिक हिनामिना नभएको पुष्टि हुन आएकाले; कार्यक्रमको यथार्थतालाई स्वीकार गर्दै उक्त बेरुजु रकमलाई नगर सभाको आगामी अधिवेशनबाट नियमानुसार नियमित गराई सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पठाउन नगरसभालाई सिफारिस गर्ने निर्णय गरियो। साथै, आर्थिक अनुशासन र प्रशासनिक पारदर्शितालाई थप सुदृढ बनाउन लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ तयार भइसकेको हुँदा आगामी दिनमा सोही कार्यविधि बमोजिम मात्र कार्यक्रमहरू कार्यान्वयन र खर्च गर्ने व्यवस्था मिलाई खर्चलाई थप मितव्ययी बनाउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । | |
| ५ | ०७६/७७ | ९१ | विविध भौचर | कर्मचारी तथा पदाधिकारीहरुलाई विना अनुगमन प्रतिवेदन अनुगमन भत्ता वितरण गरेको रु | १७१०० | नगरपालिकाका योजनाहरूको वास्तविक अनुगमन कार्य सम्पन्न भई भत्ता वितरण गरिएको र यसमा कुनै पनि आर्थिक हिनामिना नभई केवल प्राविधिक रूपमा प्रतिवेदन संलग्न हुन मात्र छुटेको यथार्थ स्पष्ट देखिन्छ। हाल लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८२ को परिच्छेद १० बमोजिम कानुनी व्यवस्था भई अनुगमन प्रणालीमा पूर्ण सुधार भइसकेको अवस्था छ। त्यसैले कार्य सम्पन्न भइसकेको उक्त यथार्थताका आधारमा सो बेरुजु रकमलाई आगामी नगर सभाबाट नियमानुसार नियमित गराई, यक पटकका लागि सम्परिक्षण गर्न सिफारिस गर्ने निर्णय गरियो। | |
| ६ | ०७६/७७ | ९२. | १७३-२०७७।०३।३१ | महामारी विषयको अन्तरक्रिया कार्यक्रममा पालिका उपशाखाहरुको मात्र उपस्थितिमा कार्यक्रम संचालन भएको देखिएकोले नियमसम्मत नदेखीएको रु | ५०००० | भौचर नं. १७३, मिति २०७७/०३/३१ बमोजिम औलो महामारी नियन्त्रण कार्यक्रममा भएको खर्च रु. ५०,०००/- (अक्षरेपि पचास हजार रुपैयाँ) बेरुजुउपर यस सार्वजनिक लेखा समितिमा विस्तृत छलफल हुँदा, उक्त कार्यक्रम जनहितका लागि वास्तविक रूपमै सम्पन्न भएको र यसमा कुनै पनि प्रकारको आर्थिक हिनामिना नभएको यथार्थतथा देखियो साथै अन्य निकायहरूको अनुपस्थिति नरहने परिपाटीमा हाल पूर्ण रूपमा सुधार भइसकेको र आगामी दिनमा यस्ता प्रक्रियागत त्रुटिहरू नदोहोऱ्याउने प्रतिबद्धता समेत प्राप्त भएको हुँदा। कार्य सम्पादन भइसकेको र प्रक्रियामा समेत आवश्यक सुधार भइसकेको परिप्रेक्ष्यमा, उक्त वास्तविक खर्चबापतको बेरुजु रकम रु. ५०,०००/- लाई आगामी नगर सभाबाट नियमसम्मत रूपमा नियमित गराई सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो । | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार ~~मैडेल~~
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ०७६/७७ | ९७ | ३५८-<br>२०७७।०३।३१ | सामुदायिक अपाङ्ग केन्द्रलाई दिएको वाहेक थप खर्च लेखेको नियमसम्म नदेखिएको रु | ३४००० | भौ.नं. ३५८ मिति २०७६।०३।३१ मार्फत स.म.वि.नि. कुमारी शाहीको नाममा सञ्चालित पेश्की फछ्र्यौट गर्दा सामुदायिक अपाङ्गता विकास केन्द्र नेपालद्वारा यस पालिकाका १० वटै वडाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समूह गठन तथा क्षमता विकास गर्ने स्वीकृत वार्षिक कार्यक्रम अनुसार नै कार्य सम्पादन गरिएको हो। संस्थाले व्यवस्थापन वापत प्रति वडा रु. १०,०००/- का दरले माग गरेको रु. १,००,०००/- ले मात्र कार्यक्रमको स्थलगत व्यवस्थापकीय आवश्यकता पूर्ण हुन नसकेको हुँदा कार्यक्रमलाई पूर्ण र प्रभावकारी रूपमा सम्पन्न गर्न अपुग भएको उक्त थप रकम नियमानुसार खर्च लेखिएको हो। सोही नपुग रकम अन्तर्गत सहभागीहरूका लागि आवश्यक झोला, स्टेशनरी, खाना/खाजा तथा यातायात भत्ता वापत थप रु. ३४,०००/- खर्च हुन आएको र उक्त खर्च स्वीकृत कार्यक्रमको उद्देश्य प्रासिका लागि अनिवार्य एवं अभिन्न अंग रहेको व्यहोरा स्पष्ट देखिएको छ । यस कार्यक्रममा उल्लेखित कुनै पनि विधामा खर्च दोहोरो परेको छैन र कुनै पनि किसिमको आर्थिक हिनामिना नभई लक्षित वर्गके हितमा वास्तविक कार्य सम्पादन भई औचित्यका आधारमा खर्च भएको देखिएको छ। त्यसैले सम्पूर्ण कानूनी प्रक्रिया तथा प्रमाणहरू दुरुस्त रहेको यो वास्तविक खर्च रकम रु. ३४,०००/- (अक्षरेपि चौंतीस हजार रुपैयाँ मात्र) लाई नियमित गर्न नगर सभालाई सिफारिस गर्ने र सोही आधारमा उक्त बेरुजू सम्परीक्षण गरिदिनुहुन महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो । | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ०७६/७७ | ११० | २७५-<br>२०७७।०२।०१ | लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३<br>कार्यक्षेत्र भित्र अनुगमन भत्ता लिन औचित्यपुर्ण नदेखिएको रु | ३९६००० | नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न आयोजनाहरूको अनुगमन गरेबापत पदाधिकारी तथा कर्मचारीहरूलाई वितरण गरिएको अनुगमन भत्ताका सम्बन्धमा विस्तृत छलफल गरियो। आफ्नै कार्यक्षेत्र भित्रको नियमित अनुगमनका लागि भत्ता उपलब्ध गराउनु औचित्यपूर्ण नदेखिएको भनी महालेखा परीक्षकको कार्यालयले औंल्याएको पृष्ठभूमिलाई आत्मसात गर्दै, लेकवेशी नगरपालिकाको 'कार्यसञ्चालन निर्देशिका, २०८२' को परिच्छेद १० मा अनुगमन भत्ताको स्पष्ट व्यवस्था गरी यसलाई पूर्ण रूपमा कानुनी दायरामा ल्याइसकिएको छ। भौगोलिक हिसाबले विकट ठाउँमा अनुगमनमा खटिएका योजनासँग सम्बन्धित कर्मचारीहरूलाई दोहोरो नपर्ने गरी इन्धन, खाजा, खाना तथा यातायात खर्च व्यवस्थापनका लागि सो रकम उपलब्ध गराइएकोमा अनुगमन कार्य वास्तविक रूपमा सम्पन्न भइसकेको र यसबाट कुनै पनि आर्थिक हानी नोक्सानी नभई हाल पूर्ण रूपमा सुधार भइसकेको अवस्थालाई मध्यनजर गर्दै, सो बेरुजु रकमलाई नगर सभाबाट नियमानुसार नियमित गराई सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो । | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ०७६/७७ | १११ | विविध भौचर | कानुनी प्रावधान वेगर संचार खर्च भुक्तानी लिएको देखिएको रु | ८९००० | महालेखा परीक्षकको कार्यालयबाट "कानुनी प्रावधान वेगर सञ्चार खर्च भुक्तानी लिएको देखिएको रु. ८९००० भनी उठाइएको बेरुजुको व्यहोराका सम्बन्धमा विस्तृत अध्ययन तथा छलफल गरियो। यस लेकवेशी नगरपालिका अन्तर्गतका विभिन्न शासकीय तथा प्रशासनिक कार्यहरूमा चुस्तता ल्याउन, सेवाग्राहीका गुनासोहरू तत्काल सम्बोधन गर्न र वडास्तरसम्म द्रुत समन्वय कायम गर्नका लागि सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, वडा सचिवहरू तथा प्रमुख प्रशासकीय अधिकृत लगायतका जिम्मेवार पदाधिकारीहरूले निरन्तर अत्यावश्यक सञ्चार सम्पर्कमा रहनुपर्ने बाध्यात्मक अवस्था रहेको देखिन्छ। उल्लिखित जिम्मेवारी वहन गर्ने क्रममा सञ्चार प्रयोजनका लागि उपलब्ध गराइएको रिचार्ज कार्ड रकम कुनै व्यक्तिगत लाभ वा आर्थिक हिनामिनाका लागि नभई विशुद्ध रूपमा कार्यालयको दैनिक कार्य सम्पादन र सेवा प्रवाहमा सहजता ल्याउने उद्देश्यले नै खर्च भएको र उक्त खर्च'दोहोरो नपरेको यथार्थ स्थापित हुन आएको छ। हाल लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ बमोजिम उक्त सञ्चार खर्चलाई कानुनी दायरामा ल्याई पूर्ण रूपमा प्रणालीगत सुधार भइसकेको अवस्थालाई समेत मध्यनजर गर्दै; विगतको सो बेरुजु रकममा कुनै बदनियत नदेखिएको र सो कार्य कार्यालयकै कामको लागि भएको पुष्टि हुन आएकाले उल्लेखित विशिष्ट परिस्थितिलाई मनन गरी एक पटकका लागि मात्र आगामी नगर सभाबाट स्वीकृत गराई नियमित गर्न र सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो। | |

लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ०७६/७७ | ११४ | विविध भौचर | निर्देशिका विपरित भत्ता वितरण गरी वढी व्ययभार पारेको | ६०३५० | आर्थिक वर्ष २०७६/७७ को भौचर नं. २०५ मिति २०७६/११/२० बाट "गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम" अन्तर्गत गणक र सुपरिवेक्षक छनौटका लागि भएको बैठकमा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुँदा नं. २.३ (ग) विपरीत भत्ता वितरण हुन गई कायम भएको रु. ६०,३५०/- (अक्षरेपी साठी हजार तीन सय पचास रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा विस्तृत छलफल हुँदा; उक्त लक्षित वर्ग पहिचान कार्यक्रम तोकिएको समयभित्रै अनिवार्य सम्पन्न गर्नुपर्ने प्रकृतिको रहेको, छनौट प्रक्रियामा पदाधिकारी तथा कर्मचारीहरू नियमित कार्यालय समय बाहेक अतिरिक्त समय र बिदाका दिनमा समेत खटिएको र यस कार्यमा खर्च दोहोरो परेको वा कुनै आर्थिक हिनामिना नभई विशुद्ध रूपमा तोकिएको कार्य सम्पन्न गर्ने उद्देश्यले नै वास्तविक खर्च भएको देखिएको छ । हाल यस प्रकारका खर्चहरूमा पूर्ण रूपमा प्रणालीगत सुधार भइसकेको र विगतको सो बेरुजु रकममा कुनै बदनियत नदेखिएको हुँदा, उल्लेखित विशिष्ट परिस्थितिलाई मनन गरी उक्त रु. ६०,३५०/- बेरुजु रकमलाई एक पटकका लागि मात्र आगामी नगर सभाबाट अनुमोदन गराई नियमित गर्न र सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। | |
| २०७६।०७७ को जम्मा | | | | | १४०८८७२१ | | |

लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| ०७७।०७८ | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ०७७।०७८ | ३८ | कर्मचारी करार | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(८) मा भएको व्यवस्था बाहेक सेवा प्रवाहको लागि करार सम्झौताबाट सिभिल ईन्जिनियर सहायक चौथौ सहायक सुपरभाइजर अ हे व ल्या अ ना प्रा स लगायतका जनशक्ति करार सेवा लिई खर्च लेखेको रकम अनियमित भएको रु | ५८३७३४० | यस नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ मा दरबन्दी भन्दा बढी करार कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा—५ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ्ग सेन्टर, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा नगर अस्पताल सञ्चालन गरी नागरिकलाई सुरक्षित मातृत्व र आधारभूत उपचार जस्ता अत्यावश्यक एवं संवेदनशील सेवा प्रवाह गरिएको हुँदा उक्त खर्चलाई आर्थिक हानि-नोक्सानी मान्न मिल्ने देखिँदैन। साविक गाविश/जिविसबाट हस्तान्तरण भई आएका र हाल कार्यरत कर्मचारीहरूको पारिश्रमिकलाई नियामक निकायहरूको निर्देशन र मानवीय दृष्टिकोण समेतका आधारमा बेरुजु कायम राख्नु न्यायसंगत देखिँदैन। साथै, सुधारात्मक कदम अन्तर्गत हाल नगरपालिकामा स्वीकृत दरबन्दी वेगरका वा दरबन्दी बाहिरका कुनै पनि करार कर्मचारी नरहेको र विगतदेखि स्वीकृत दरबन्दी एवं कार्यक्रम भित्र कार्यरत कर्मचारी बाहेकका अन्य रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग समेत पठाइसकिएको हुँदा; सेवाको अपरिहार्यता, आर्थिक नोक्सानी नभएको तथ्य, दरबन्दी बाहिरका कर्मचारी कटौती र स्थायी पदपूर्तिको प्रक्रियालाई मुख्य आधार मानी उक्त बेरुजु रकम सम्परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो। |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ०७७।०७८ | '६२ | कोटेशनबाट सिमा भन्दा खरिद | कोटेशनबाट सिमा भन्दा खरिद | २१३७४३२ | यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को औषधी खरिद तर्फ औंल्याइएको रु. २१,३७,४३२/- (अक्षरेपी एक्काइस लाख सैंतीस हजार चार सय बत्तीस मात्र) को बेरुजू सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट बोलपत्र भएको प्रमाण पेस गर्नुपर्ने भनी प्राप्त मिति २०८३/०३/०८ को पत्रको व्यहोरा अवगत भएको छ। उक्त आर्थिक वर्षमा विश्वव्यापी कोभिड-१९ महामारीको अत्यन्त संकटपूर्ण, संवेदनशील र बाध्यात्मक परिस्थितिका कारण नागरिकको स्वास्थ्य र जीवन रक्षाका लागि तत्काल औषधी तथा स्वास्थ्य सामग्री आपूर्ति गर्नुपर्ने विशेष अवस्था सिर्जना भई प्राविधिक रूपमा केही कमजोरी हुन गएको देखिए तापनि, उक्त कार्यमा कुनै पनि प्रकारको आर्थिक हिनामिना वा अनियमितता नभएको र राज्यकोषको रकम पूर्ण रूपमा नागरिकको उपचारमा नै सदुपयोग भएको व्यहोरा स्पष्ट भयो। सो सम्बन्धमा कार्यालयबाट विगतका कमजोरीहरू सच्याउँदै तत्काल सुधारात्मक कदम चालिएको र 'सोही सुधार अनुरूप चालु आर्थिक वर्ष २०८२/०८३ मा औषधी खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी कोटेशन विधि अवलम्बन नगरी, पूर्ण पारदर्शिता र खुला प्रतिस्पर्धा सुनिश्चित हुने गरी दुई पटक नै सफलतापूर्वक ई-बिडिङ प्रक्रिया अवलम्बन गरी खरिद कार्य सम्पन्न भइसकेको व्यहोरा प्रमाणित भइसकेको छ। उक्त ई-बिडिङ कार्यसँग सम्बन्धित बोलपत्र आह्वानको सूचना, मूल्यांकन प्रतिवेदन तथा खरिद सम्झौता लगायतका सम्पूर्ण प्रमाणिक कागजातहरू यसै साथ संलग्न गरिएकाले, तत्कालीन महामारीको संकटपूर्ण र बाध्यात्मक परिस्थितिलाई मध्यनजर गर्दै एकपटकका लागि उक्त बेरुजू रकम नियमित गर्न नगरसभा समक्ष सिफारिस गर्ने र आवश्यक प्रमाणहरू पेस भइसकेकाले उक्त रु. २१,३७,४३२/- को बेरुजू रकम लगतबाट कट्टा गरी सम्परीक्षण गरिदिनुहुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| २०७७।०७८ को जम्मा | | | | | ७९७४७७२ | | |

भेरीगंगा/पञ्चपुरी? नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७८।०७९ | | | | | | |
| १ | ०७८।०७९ | १८ | विविध भौचरहरु | कर्मचारी करार | ३७८४९७० | यस नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ मा दरबन्दी भन्दा बढी करार कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा—५ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ्ग सेन्टर, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा नगर अस्पताल सञ्चालन गरी नागरिकलाई सुरक्षित मातृत्व र आधारभूत उपचार जस्ता अत्यावश्यक एवं संवेदनशील सेवा प्रवाह गरिएको हुँदा उक्त खर्चलाई आर्थिक हानि-नोक्सानी मान्न मिल्ने देखिँदैन। साविक गाविश/जिविसबाट हस्तान्तरण भई आएका र हाल कार्यरत कर्मचारीहरूको पारिश्रमिकलाई नियामक निकायहरूको निर्देशन र मानवीय दृष्टिकोण समेतका आधारमा बेरुजु कायम राख्नु न्यायसंगत देखिँदैन। साथै, सुधारात्मक कदम अन्तर्गत हाल नगरपालिकामा स्वीकृत दरबन्दी बेगरका वा दरबन्दी बाहिरका कुनै पनि करार कर्मचारी नरहेको र विगतदेखि स्वीकृत दरबन्दी एवं कार्यक्रम भित्र कार्यरत कर्मचारी बाहेकका अन्य रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग समेत पठाइसकिएको हुँदा; सेवाको अपरिहार्यता, आर्थिक नोक्सानी नभएको तथ्य, दरबन्दी बाहिरका कर्मचारी कटौती र स्थायी पदपूर्तिको प्रक्रियालाई मुख्य आधार मानी उक्त बेरुजु रकम सम्परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो। | |
| २ | ०७८।०७९ | ४४ | विविध भौचरहरु | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता | १५७२९२२१ | यस नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा कार्यरत नगर स्वयंसेवक तथा पि.सी.एफ. (PCF) करार शिक्षकहरूको आर्थिक वर्ष २०७८/७९ को तलब भत्ता बापत खर्च भएको कुल रु. १,५७,२९,२२१/- (अक्षरेपी एक करोड सन्ताउन्न लाख उनन्तीस हजार दुई सय एक्काइस मात्र) लाई महालेखा परीक्षकको प्रतिवेदनले बेरुजु औंल्याएको विषयमा गहन छलफल गरियो। उक्त बेरुजुको प्रकृति विश्लेषण गर्दा, नगरपालिकाले मिति २०७९/११/२८ को टिप्पणी र आदेश मार्फत बजेट अभाव र अन्तर सरकारी वित्त | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लेकबेसी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३ | | | व्यवस्थापन ऐन, २०७४ को कानुनी सीमालाई स्वीकार गर्दै आर्थिक अनुशासन कायम गर्ने प्रक्रिया अगाडि बढाएको देखिन्छ। यसै क्रममा स्रोतको अभाव र नियम विपरीतको खर्चलाई सदाका लागि अन्त्य गर्न मिति २०७९ चैत्र १ गतेदेखि लागू हुने गरी कुनै पनि करार शिक्षकको सम्झौता नवीकरण नगर्ने र सेवा अन्त्य गर्ने कठोर सुधारात्मक निर्णय गरी कार्यान्वयन समेत भइसकेको पुष्टि हुन्छ। उक्त बेरुजु फछ्र्यौटका लागि महालेखा परीक्षकको कार्यालयमा पेस गरिएकोमा, मलेपबाट मिति २०८३/०१/०८ मा शिक्षक विद्यार्थी अनुपात विश्लेषण सहितको विवरण पेस नभएको भनी बेहोरा फिर्ता पठाएकाले, सोही निर्देशन बमोजिम तयार पारिएको विद्यालयगत शिक्षक विद्यार्थी अनुपात विश्लेषण सम्बन्धी विस्तृत प्रतिवेदन समेत यसै साथ संलग्न राखी पुनः पेस गरिएको छ। बेरुजु औंल्याइएको उक्त रकम सम्बन्धित शिक्षकहरूले विद्यालयमा उपस्थित भई पठनपाठन गराए बापतको पारिश्रमिकमा खर्च भएको, जसले विद्यार्थीहरूको शैक्षिक सत्र खेर जानबाट जोगाएको र हाल उक्त शीर्षकमा कुनै पनि शिक्षक कार्यरत नरही थप दायित्व सिर्जना नभएको अवस्थालाई दृष्टिगत गर्दै, यस खर्चलाई व्यक्तिगत दुरुपयोग नभई 'परिस्थितिजन्य बाध्यता' का रूपमा स्वीकार गरिएको छ। तसर्थ, सम्बन्धित शिक्षकहरूको कार्यसम्पादन, हाजिरी तथा हाल संलग्न राखिएको शिक्षक विद्यार्थी अनुपात विश्लेषणको प्रतिवेदनलाई मुख्य प्रमाण मानी उक्त बेरुजु रकमलाई नियमित गर्न नगर सभालाई आवश्यक निर्देशन दिने र सोही आधारमा बेरुजु फछ्र्यौट एवं सम्परिक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो। | |
| २०७८।०७९ को जम्मा | | | | | १९५१४१९१ | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| २०७९।०८० | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ०७९।०८० | ४३ | विविध भौचरहरु | करार कर्मचारी | ८६३५६५३ | यस नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ मा दरबन्दी भन्दा बढी करार कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा—५ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ्ग सेन्टर, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा नगर अस्पताल सञ्चालन गरी नागरिकलाई सुरक्षित मातृत्व र आधारभूत उपचार जस्ता अत्यावश्यक एवं संवेदनशील सेवा प्रवाह गरिएको हुँदा उक्त खर्चलाई आर्थिक हानि-नोक्सानी मान्न मिल्ने देखिँदैन। साविक गाविश/जिविसबाट हस्तान्तरण भई आएका र हाल कार्यरत कर्मचारीहरूको पारिश्रमिकलाई नियामक निकायहरूको निर्देशन र मानवीय दृष्टिकोण समेतका आधारमा बेरुजु कायम राख्नु न्यायसंगत देखिँदैन। साथै, सुधारात्मक कदम अन्तर्गत हाल नगरपालिकामा स्वीकृत दरबन्दी वेगरका वा दरबन्दी बाहिरका कुनै पनि करार कर्मचारी नरहेको र विगतदेखि स्वीकृत दरबन्दी एवं कार्यक्रम भित्र कार्यरत कर्मचारी बाहेकका अन्य रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग समेत पठाइसकिएको हुँदा; सेवाको अपरिहार्यता, आर्थिक नोक्सानी नभएको तथ्य, दरबन्दी बाहिरका कर्मचारी कटौती र स्थायी पदपूर्तिको प्रक्रियालाई मुख्य आधार मानी उक्त बेरुजु रकम सम्परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो । | |
| २०७९।०८० को जम्मा | | | | | ८६३५६५३ | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| २०८०।०८१ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ०८०।८१ | २३ | विविध भौचरहरु | कर्मचारी व्यवस्था | ४४३५४५२ | यस नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ मा दरबन्दी भन्दा बढी करार कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको भनी औंल्याइएको बेरुजुका सम्बन्धमा—५ वटा स्वास्थ्य चौकी, ५ वटा बर्थिङ्ग सेन्टर, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा नगर अस्पताल सञ्चालन गरी नागरिकलाई सुरक्षित मातृत्व र आधारभूत उपचार जस्ता अत्यावश्यक एवं संवेदनशील सेवा प्रवाह गरिएको हुँदा उक्त खर्चलाई आर्थिक हानि-नोक्सानी मान्न मिल्ने देखिँदैन। साविक गाविश/जिविसबाट हस्तान्तरण भई आएका र हाल कार्यरत कर्मचारीहरूको पारिश्रमिकलाई नियामक निकायहरूको निर्देशन र मानवीय दृष्टिकोण समेतका आधारमा बेरुजु कायम राख्नु न्यायसंगत देखिँदैन। साथै, सुधारात्मक कदम अन्तर्गत हाल नगरपालिकामा स्वीकृत दरबन्दी बेगरका वा दरबन्दी बाहिरका कुनै पनि करार कर्मचारी नरहेको र विगतदेखि स्वीकृत दरबन्दी एवं कार्यक्रम भित्र कार्यरत कर्मचारी बाहेकका अन्य रिक्त पदहरूमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग समेत पठाइसकिएको हुँदा; सेवाको अपरिहार्यता, आर्थिक नोक्सानी नभएको तथ्य, दरबन्दी बाहिरका कर्मचारी कटौती र स्थायी पदपूर्तिको प्रक्रियालाई मुख्य आधार मानी उक्त बेरुजु रकम सम्परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरिएको छ। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ८०।८१ | ४० | ०६/२०८०।३।१५ | मध्यकालीन खर्च संरचना | २९९५६३ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) बमोजिम वार्षिक बजेट पेश गर्नुपूर्व नै मध्यकालीन खर्च संरचना तयार गरी वार्षिक बजेटसँग आबद्ध गर्नुपर्नेमा प्राविधिक कारणवश परामर्शदाता संस्था ए एण्ड ए कन्सल्टेन्सी प्रा.ली. बाट प्रतिवेदन प्राप्त हुन र भुक्तानी हुन केही ढिलाइ भएको सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको मिति २०८३।०१।०६ को पत्रबाट प्राप्त प्रारम्भिक कैफियत र सो ढिलाइबाट पर्न गएको असरबारे विस्तृत विश्लेषण सहित छलफल गरियो। प्रतिवेदन ढिला प्राप्त हुँदा बजेटको प्रारम्भिक चरणमा मध्यमकालीन खर्चको त्रिवर्षीय प्रक्षेपणलाई हुबहु आबद्ध गर्न नसकिएको भए तापनि, विषयगत समिति र स्रोत अनुमान समितिले तय गरेका सीमाभित्रै रही विनियोजन ऐन तर्जुमा गरिएकाले पालिकाको आर्थिक प्रणाली, वित्तीय अनुशासन र बजेट पारित प्रक्रियामा कुनै तात्विक वा नकारात्मक असर पर्न नगएको विश्लेषण गरियो। बजेट पेश भएपश्चात् प्रतिवेदन प्राप्त भए तापनि उक्त संरचनामा समावेश गरिएका खर्चका प्रक्षेपण र योजनाका प्राथमिकताहरू आगामी आर्थिक वर्षहरूको वार्षिक बजेट तथा आवधिक योजना निर्माणमा समेत महत्त्वपूर्ण आधार दस्तावेजको रूपमा उपयोग हुने सुनिश्चित देखिएको र परामर्शदाताले सम्झौता बमोजिमको कार्य सम्पन्न गरी प्रतिवेदन बुझाइसकेको हुँदा, कार्यसम्पादनको आधारमा गरिएको भुक्तानीलाई नियमानुसार नियमित गरी सम्बद्ध बेरुजु फछ्र्यौट प्रक्रिया अगाडि बढाउने निर्णय गरियो; साथै आगामी दिनमा यस्ता कानुनी संरचनाहरू बजेट तर्जुमा गर्नु अगावै समयमै तयार गरी योजनालाई बजेटसँग पूर्व-आबद्ध गर्न र भविष्यमा यस्ता प्राविधिक ढिलाइ तथा असरहरू दोहोरिन नदिन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो। | |

नगर कार्यपालिकाको कार्यालय, लेकबेशी नगरपालिका, कल्याण, सुर्खेत, कर्णाली प्रदेश, नेपाल, २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ८०।८१ | ६१ | विविध भौचरहरु | नाफामूलक संस्थालाई अनुदान | २९६९४३ | महालेखा परीक्षकको कार्यालयबाट यस पालिकाले नाफामूलक सहकारी संस्थाहरूलाई अनुदान तथा निर्माण कार्यका लागि भुक्तानी दिएको रु. २,९६,९४३/- बेरुजुका सम्बन्धमा पूर्व निर्णय भई पठाइएकोमा, मलेप कार्यालयको मिति २०८३।०१।०४ को पत्रमार्फत नाफामूलक संस्थालाई दिएको अनुदानको स्पष्ट विश्लेषण नभएको भनी उक्त बेरुजु फछ्र्यौट नभएको सम्बन्धमा पुनः विस्तृत छलफल गरियो। उक्त आर्थिक वर्षमा विनियोजित रकम खर्च भई भौतिक रूपमा कार्य सम्पादन हुनुका साथै लक्षित उद्देश्यमा प्रयोग भइसकेको र सो कार्यमा कुनै पनि किसिमको आर्थिक हिनामिना वा दुरुपयोग नभएको स्थिति पुष्टि भएको भए तापनि, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना अनुरूप नाफामूलक संस्थालाई अनुदान दिनु नियमसम्मत नदेखिएको हुँदा यसप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। तथापि, उक्त खर्च पश्चात्का आगामी आर्थिक वर्षहरूमा पालिकाले आफ्नो नीति तथा कार्यक्रममा व्यापक सुधार गरी नाफामूलक संस्थालाई बजेट विनियोजन नगरेको, वितरणमुखी खर्चलाई पूर्ण रूपमा नियन्त्रण गरेको र पुँजीगत निर्माणमा जोड दिई वित्तीय अनुशासन कायम राखेको सुधारोन्मुख अवस्थाको विश्लेषण गर्दै, सोही वर्ष सम्पादन भइसकेको कार्यको भुक्तानीलाई हाललाई नियमित गरिदिनका लागि महालेखा परीक्षकको कार्यालयमा पुनः अनुरोध गर्ने निर्णय गरियो; साथै भविष्यमा समेत यस्ता कानुनी प्रावधानहरूको पूर्ण पालना गर्ने कार्यलाई निरन्तरता दिन र वितरणमुखी अनुदानलाई निरुत्साहित गर्न सम्बन्धित सबैलाई निर्देशन दिने निर्णय गरियो। | |

लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ८०।८१ | ६२ | विविध भौचरहरु | स्वास्थ्य बिमा | १४६२४०० | स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम १८ र १९ बमोजिम स्वास्थ्य संस्थाको सूचीकरण हुनुपर्ने तथा नियम २६(१) बमोजिम स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहनुपर्ने कानुनी व्यवस्थाको सन्दर्भमा पालिकाले कार्यविधि निर्माण नगरी केही घरपरिवारको बिमा प्रिमियम बापत रु. १४,६२,४००/- भुक्तानी गरेको विषयमा छलफल गरियो। उक्त खर्च गर्दाका बखत छुट्टै कार्यविधि नबनेको भए तापनि लक्षित वर्गका नागरिकहरूको स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउने र स्वास्थ्य बिमा बोर्डमार्फत सेवा सुनिश्चित गर्ने लोककल्याणकारी उद्देश्यले सो भुक्तानी गरिएको देखिएको छ। साथै, सो आर्थिक वर्षको त्रुटीलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षहरूबाट पालिकाले आवश्यक कार्यविधि निर्माण, समिति गठन र प्रक्रियागत व्यवस्थामा पूर्ण सुधार गरिसकेको व्यहोरालाई सकारात्मक रूपमा लिँदै, नागरिकको स्वास्थ्य सुरक्षासँग जोडिएको उक्त सम्पादित खर्चलाई हाललाई नियमित गर्न सिफारिस गर्ने निर्णय गरियो। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ८०।८१ | ७२ | विविध भौचरहरु | पूँजिगत शिर्षकबाट चालु प्रकृतिको कार्य | ५,७६४५८ | यस पालिकाको साविकको बेरुजु सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको मिति २०८३/०१/०६ को पत्रानुसार आर्थिक वर्ष २०८१/०८२ को स्रेस्ता जाँचमा समेत पूँजीगत तर्फ विनियोजित बजेटबाट चालु प्रकृतिका कार्यक्रमहरूमा खर्च भई व्यहोरा दोहोरिएको र सुधार भएको नदेखिएको भनी औंल्याइएको बेरुजु फस्यौंट सम्बन्धमा व्यापक छलफल गरियो। . उक्त आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण सम्पन्न हुनु अगावै बजेट विनियोजन तथा स्वीकृतिका बखत प्रणालीगत र प्राविधिक कठिनाइका कारण सो कार्य हुन गएको र हाल पालिकाबाट सो भूल सुधार भइसकेको पाइएको छ। विनियोजित बजेटको सीमाभित्रै रही स्वीकृत कार्यक्रमहरू पूर्ण रूपमा कार्यान्वयन भइसकेको र सो बापतको वस्तु तथा सेवा पालिकाले प्राप्त गरी संस्थागत प्रतिफल हासिल गरिसकेको स्रेस्ता र प्रमाणबाट पुष्टि भएको तथा यस कार्यबाट पालिकालाई कुनै पनि प्रकारको आर्थिक हानि-नोक्सानी नभएको देखिन्छ। मलेप कार्यालयको उक्त पत्रमा औंल्याइएको व्यहोरालाई गम्भीरतापूर्वक लिंदै कार्यपालिकाबाट आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा, प्रणाली प्रविष्टि र खर्चको लेखाङ्कन प्रक्रियामा पूर्ण रूपमा सुधार गरिसकेको, हाल चालु र पूँजीगत खर्चको वर्गीकरणलाई पूर्ण व्यवस्थित बनाई बजेट शीर्षक र खर्चको प्रकृतिबीच शतप्रतिशत तादाम्यता मिलाइएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को अक्षरसः पालना सुनिश्चित भई प्रणालीगत सुधार भइसकेको पाइएकाले; प्राविधिक कारणले हुन गएको उक्त भूललाई हाल पूर्ण रूपमा सुधार गरिसकिएको र आर्थिक हानि-नोक्सानी समेत नभएको परिप्रेक्ष्यमा एक पटकका लागि सम्पादन भइसकेको कार्यको भुक्तानीलाई नियमित गरी उक्त बेरुजु सम्परीक्षणका लागी महालेखा परिक्षक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ६ | ८०।८१ | ८९ | विविध भौचरहरु | शिर्षक फरक पारी खर्च लेखेको | १०७८००० | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान बमोजिम | |

भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लेकबेसी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३ | | | ससर्त अनुदानको रकम तोकिएको शीर्षकमा खर्च गर्नुपर्नेमा, पाठ्यपुस्तक शीर्षकको बजेट छात्रवृत्तिमा खर्च भएको विषयमा पालिकाको स्रेस्ता र स्पष्टीकरण अध्ययन गरियो। सो अध्ययनबाट उक्त खर्च विद्यार्थीहरूको शैक्षिक हितकै लागि उपयोग भएको तर खर्चको प्रविष्टि गर्ने क्रममा लेखाङ्कनमा प्राविधिक त्रुटि हुन गई शीर्षक फरक पर्न गएको देखिन आयो। उक्त त्रुटिलाई सुधार गरी आगामी आर्थिक वर्षहरूदेखि ससर्त अनुदानको शीर्षकगत लेखाङ्कनलाई व्यवस्थित र नियमसम्मत बनाउँदै लगिएको पाइएकाले, खर्चको उद्देश्य र लक्षित वर्गमा कुनै परिवर्तन नभएको र केवल स्रेस्ता मिलानको प्राविधिक पक्षमा त्रुटि देखिएको आधारमा उक्त खर्चलाई हाललाई नियमित गर्ने निर्णय गरियो। भविष्यमा स्रेस्ता व्यवस्थापन गर्दा थप सचेत रहन र लेखाङ्कन प्रणालीलाई त्रुटिरहित बनाउन समेत निर्देशन दिने निर्णय गरिए तापनि, आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन मा समेत सोही व्यहोरा दोहोरिएको भनी महालेखा परीक्षकको कार्यालयको मिति २०८३/०१/०६ को पत्रबाट प्राप्त हुन आएको हुँदा उक्त विषयमा विस्तृत छलफल गरियो। यस सम्बन्धमा हाल स्रेस्ता प्रणाली सच्याई पूर्ण रूपमा सुधार भइसकेको प्रमाण समेत फेला परेको र वास्तविक खर्च लक्षित वर्गकै हितमा उपयोग भएको सुनिश्चित भइसकेकाले, आर्थिक हिनामिना नभएको तथ्यका आधारमा 'एक पटकका लागि' उक्त खर्चलाई नियमित गरी सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। साथै, प्रणाली पूर्ण रूपमा सुध्रिसकेको अवस्थामा आगामी दिनमा पुनः यस्तो लापरवाही वा त्रुटि दोहोरिन गएमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कर्मचारी स्वयं नै हुनुपर्ने र निजलाई नै जवाफदेही बनाई कानून बमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने व्यहोरा समेत सचेत गराउँदै त्रुटिरहित ढंगले स्रेस्ता व्यवस्थापन गर्न निर्देशन दिने निर्णय गरियो। | |
| २०८०।०८१ को जम्मा | | | | | ८१४८८१६ | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| २०८१।०८२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ०८१।०८२ | ३३ | शीर्षक फरक पारी खर्च | कानुन बमोजिम रकमान्तर नगरी स्वीकृत शीर्षक परिवर्तन गरी गरिएको खर्च नियमसम्मत नदेखिएको नियमित गर्नुपर्ने | ६७०६९७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था भए तापनि, यस पालिकामा विनियोजित विभिन्न शीर्षकहरूबाट फरक शीर्षक तथा कार्यक्रममा कुल रु. ६,७०,६९७/- (छ लाख सत्तरी हजार छ सय सन्तानब्बे रुपैयाँ मात्र) खर्च भई बेरुजु कायम भएको विषयमा सार्वजनिक लेखा समितिमा विस्तृत छलफल गरियो। छलफलका क्रममा पेश हुन आएका प्राविधिक प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र नापजाँच किताब समेतको अध्ययन गर्दा शीर्षक फरक पर्न गए तापनि विनियोजित रकमबाट स्थानीय आवश्यकता अनुसार सार्वजनिक हितका कार्यहरू (सडक बत्ती जडान, विद्यालय भवन निर्माण तथा सडक स्तरोन्नति) वास्तविक रूपमै कार्यक्षेत्रमा सम्पन्न भई पुँजीगत सम्पत्ति सिर्जना भइसकेको र जनस्तरमा सेवा प्रवाह भइसकेको देखिँदा सो खर्चको औचित्यता र सदुपयोगिता पुष्टि हुन आएको छ। यसर्थ विनियोजनको प्राविधिक त्रुटिका कारण मात्र यो रकम बेरुजु रहन गएको र यसमा कुनै बद्नियत वा व्यक्तिगत आर्थिक लाभ हानि नदेखिएको हुँदा, जनहितमा वास्तविक कार्य सम्पन्न भइसकेका योजनाहरूको बेरुजु नियमित गर्न सभालाई सिफारिस गर्ने चालू आर्थिक वर्षमा रकमान्तरको प्रक्रिया पूरा गराई मात्र खर्च प्रकिया अगाडि बढाएको प्रमाणित भएको हुँदा उक्त बेरुजु सम्परिक्षण गर्न महालेखा परिक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो । | |

नगर कार्यपालिकाको कार्यालय, कल्याण, सुर्खेत, कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ०८१/०८२ | ७२ | कोटेशनबाट सिमा भन्दा वढिको खरिद | र्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्यलाई टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। यस पालिकाले विभिन्न कार्यक्रमका लागि विनियोजित बजेटबाट एउटै प्रकृतिका सामान तथा सेवा खरिद गर्दा खुला प्रतिस्पर्धात्मक विधि नअपनाई, साना-साना टुक्रा पारी रु. ५६,२६,५६६।०० को सोझै खरिद गरी भुक्तानी गरेको छ। कानुनको मर्म विपरीत प्रतिस्पर्धा बिना गरिएको उक्त खरिद कार्य नियमसम्मत नदेखिएकोले रु. ५६,२६,५६६।०० | ५६२६५६६ | सार्वजनिक लेखा समितिको बैठकमा भएको विस्तृत छलफल अनुसार बजेट एकीकृत रूपमा विनियोजन भए तापनि मातहतका फरक-फरक वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा विद्यालयहरूबाट आ-आफ्नो आवश्यकता अनुसार फरक-फरक समयमा माग भई आएका कारण आर्थिक वर्षको सुरुमै खरिदको यथार्थता आकलन गर्न प्राविधिक रूपमा कठिन भएको देखिन्छ। सोही परिस्थितिबस विगतमा सोझै खरिद प्रक्रिया अवलम्बन गर्नुपरेको भए तापनि खरिद गरिएका सम्पूर्ण फर्निचर, फिक्सचर, मेसिन औजार तथा उपकरणहरू रीतपूर्वक जिन्सी खातामा आम्दानी दाखिला भई सम्बन्धित मागकर्ता निकायहरूमा आपूर्ति र पूर्ण रूपमा प्रयोगमा आइसकेको व्यहोरा स्पष्ट छ। यस कार्यमा कुनै पनि किसिमको आर्थिक हिनामिना वा बदनियत नदेखिएको र सरकारी कोषमा कुनै हानि-नोक्सानी नभएको तथ्यलाई समितिले स्वीकार गर्दै, सामग्रीहरूको भौतिक अस्तित्व र उपयोगिता प्रमाणित भइसकेको सन्दर्भमा सदाका लागि नजिर नबस्ने गरी एकपटकका लागि मात्र उपलब्ध जिन्सी दाखिला प्रतिवेदन, माग फारम र वितरण भर्पाईका आधारमा उक्त रु. ५६,२६,५६६।०० को बेरुजू रकम नियमित गर्न सभालाई निर्देशन दिने । साथै चालू आर्थिक वर्ष २०८२/०८३ देखिको सुरुवातमानै खरिद प्रक्रियामा पूर्ण रूपमा सुधार ल्याई मातहतका सबै निकायहरूको सम्भावित मागलाई पूर्वानुमान गर्दै एकीकृत खरिद विधि लागू भइसकेको छ। यस वर्ष कार्यालय सामग्रीहरूलाई व्यवस्थित गरी बोलपत्र तथा प्रतिस्पर्धात्मक विधिको पूर्ण रूपमा अवलम्बन गरिएकाले आर्थिक अनुशासन कायम भइसकेको हुँदा आगामी दिनमा समेत यस सुधारात्मक विधिको पूर्ण निरन्तरताका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०८१।०८२ | ७३ | पुँजिगत शिर्षकबाट चालु खर्च | कार्यकमको प्रगति नभएको तथा न्यून प्रगति भएको अवस्थामा समेत विनियोजन भएको पूँजीगत रकमबाट ३६,३८,८१६/-) कार्यालय सामग्री, इन्धन, अनुगमन भत्ता, बैठक खर्च, र विविध खर्च लगायतको चालु शीर्षकमा खर्च गरेको अनियमित देखिएको । | ३६२८८१६ | एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या– २०७४' अनुसार पूँजीगत खर्च शीर्षक अन्तर्गत संरचना निर्माण, मेसिन औजार, सवारी साधन खरिद र पूँजीगत सुधारका खर्चहरू मात्र लेख्नुपर्ने कानुनी व्यवस्था रहेको छ। नगरपालिकाले भवन निर्माण र आदर्श मावि, लेकफर्साको भवन निर्माणको पूँजीगत शीर्षकबाट चालु शीर्षकमा गरेको खर्च सम्बन्धमा विस्तृत अध्ययन तथा छलफल गरियो। आ.व. २०८२/०८३ मा चालु खर्चतर्फ स्रोतको समस्या भई भुक्तानी गर्न नसकिएको र सिर्जित दायित्व आगामी वर्षमा सार्न नमिल्ने बाध्यात्मक परिस्थितिका कारण विनियोजित रकमबाट रु. ३६,२८,८१६।० कार्यालय सामग्री, इन्धन, अनुगमन भत्ता, बैठक तथा विविध चालु शीर्षकमा खर्च लेखिएको पाइएको छ। उक्त रकम तोकिएकै प्रशासनिक, सञ्चालन एवं नगर अस्पतालको जग्गा व्यवस्थापन जस्ता सार्वजनिक हितका कार्यमा खर्च भई संस्थागत आवश्यकता टरेको, यसमा कुनै आर्थिक हिनामिना वा बद्रियत नदेखिएको र हाल उक्त व्यवस्थामा पूर्ण सुधार भइसकेको पाइयो। साथै, नगरपालिकाका धेरैजसो सडक लगायतका योजनाका कामहरू पालिकाकै ब्याकहोलोडर र टिप्परले गर्ने गरेको भए तापनि उक्त टिप्पर र ब्याकहोलोडरको इन्धनका लागि बजेट पर्याप्त नभएको अवस्थामा खर्चमा अत्यधिक चाप पर्न गई प्रक्रियागत त्रुटि हुन गएको देखिन्छ। यस सम्बन्धमा आ.व. २०८२/०८३ देखि कन्टिजेन्सीको छुट्टै खाता राखी नियमानुसार मात्र खर्च गर्ने, स्वीकृत सीमा नाघ्न नदिने, र आ.व. २०८२/०८३ देखि नै ह्याभी सवारीको इन्धन खर्चका लागि छुट्टै बजेटिङ गरी पालिकाको योजनाबाट प्राप्त रकम आन्तरिक राजस्व खातामा जम्मा गर्ने गरी प्रक्रियागत त्रुटि पूर्ण रूपमा सुधार गरिएको प्रमाण प्राप्त भएको छ। अतः वित्तीय अनुशासन कायम गर्ने उक्त प्रतिबद्धता, बद्रियत नरहेको अवस्था र आन्तरिक सुधारलाई दृष्टिगत गरी यस पटकका लागि उक्त बेरुजु नियमित गर्न नगरसभालाई निर्देशन दिने र महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउन | |

भैरवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नगर कार्यपालिकाको कार्यालय<br>भेरीगंगा नगरपालिका<br>कल्याण, सुर्खेत<br>कर्णाली प्रदेश, नेपाल<br>२०७३ | | | अनुरोध गर्ने तथा आगामी दिनमा बजेट व्यवस्थापन तथा खर्च प्रक्रियालाई नगरसभाको निर्णय र स्वीकृत मापदण्ड बमोजिम नियमित एवं कानुनसम्मत तुल्याउन सम्बन्धित पदाधिकारीहरूलाई सचेत गराउँदै निर्देशन दिने निर्णय गरियो। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | 081 I 082 | ७४ | मोटरसाइकल खरिद | मोटर साइकल खरिद प्रक्रियामा प्रतिस्पर्धात्मक विधि नअपनाइएको र आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका, २०७४÷ को निर्देशन नं. ५.१५ को पालना नगरेकोले नियमसम्मत नदेखिएको रु.१४६५००० | १४६५००० | यस कार्यालयले सवारी साधन (मोटरसाइकल) खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को व्यवस्था प्रतिकूल टुक्रा-टुक्रा पारी सोझै खरिद गरेको तथा अर्थ मन्त्रालयको निर्देशिका, २०७४ विपरीत समानीकरण अनुदान उपयोग गरी रु. १४,६५,०००।- भुक्तानी गरेको मलेप कैफियत सम्बन्धमा विस्तृत छलफल हुँदा, वार्षिक बजेट बाँडफाँडको क्रममा वडा कार्यालय र पालिकामा छुट्टाछुट्टै बजेट विनियोजन भएकाले प्राविधिक रूपमा खरिद टुक्रे देखिन गएको र कार्यालयका पुराना मोटरसाइकलहरू जीर्ण भई मर्मत तथा इन्धन खर्च अत्यधिक आउने भएकाले खर्च मितव्ययिता र सेवा प्रवाहको अत्यावश्यकताका कारण नयाँ मोटरसाइकल खरिद गरिएको बुझिन आयो; खरिद गरिएका सवारी साधनहरू हाल पूर्ण रूपमा चालु अवस्थामा रही पालिकाकै काममा प्रयोग भइरहेको भौतिक पुष्ट्याइँ भएको, 'खरिद प्रक्रियामा हुन गएको प्राविधिक त्रुटिलाई पूर्ण रूपमा भूल सुधार गरिएको र महालेखा परीक्षकको कार्यालयले औंल्याएका कानुनी प्रश्न तथा सुझावहरूलाई पूर्ण रूपमा आत्मसात गर्दै आगामी दिनमा जुनसुकै खरिद पनि वडा र पालिकाको बजेट छुट्टाछुट्टै नराखी एकै ठाउँमा व्यवस्थापन गरी स्वीकृत वार्षिक खरिद योजना बमोजिम एकमुष्ट लागत अनुमान तयार गरेर मात्र प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्ने प्रतिबद्धता व्यक्त भएको छ; साथै, सोही प्रतिबद्धता र भूल सुधार बमोजिम यस कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ बाट हालसम्म कुनै पनि नयाँ सवारी साधन खरिदका लागि बजेट विनियोजन नगरिएको र हालसम्म कुनै पनि सवारी साधन खरिद नगरेको व्यहोरा प्रमाणित हुनुका साथै कार्यालयका अन्य आवश्यक मालसामान तथा सेवा खरिद गर्दा समेत सबै शाखाहरूबाट माग संकलन गरी एकमुष्ट रूपमा मात्र खरिद गर्ने प्रणाली स्थापित गरिसकिएको हुँदा पुराना साधनको बढी मर्मत खर्च विस्थापित गरी हाल नयाँ साधन चालु अवस्थामा रहेको यथार्थता, मलेपको सुझाव | |

तेकवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | टेकवैशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३ | | | आत्मसात गरी गरिएको भूल सुधारको ग्यारेन्टी, आव २०८२/०८३ बाट सवारी साधन खरिदमा बजेट नराखिएको एवं खरिद समेत नभएको प्रमाणित ब्यहोरा र अन्य खरिदमा समेत एकमुष्ट विधि अपनाइएको सुधारका आधारमा उक्त बेरुजू रकम रु. १४,६५,०००।- (चौध लाख पैंसट्ठी हजार रुपैयाँ मात्र) नियमित गर्नका कार्यपालिकालाई निर्देशन दिने र महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ०८१।०८२ | ७७ | निर्माण कार्यको अन्त्य | आदर्श माविको भवन निर्माण कार्य (ठेक्का नं. ६-२०७७/७८) का लागि मिति २०७८/१२/२९ मा रु. १,००,०१,३२४।० मा विलासपुर निर्माण सेवासँग २०७९/०३/३२ भित्र सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो, जस अन्तर्गत हालसम्म रु. १५,३२,६८१।० भुक्तानी भइसकेको छ। तोकिएको र थप गरिएको अवधि (२०८० असार मसान्त) भित्र समेत निर्माण व्यवसायीले कार्य सम्पन्न नगरेको अवस्थामा, ऐन बमोजिम जमानत जफत र बाँकी कामको क्षतिपूर्ति असुल गर्नुपर्नेमा सो नगरी, मिति २०८०/०५/१५ को नगर कार्यपालिकाको | १५३२६८१ | आदर्श मावि भवन निर्माण कार्य (ठेक्का नं. ६– २०७७/७८) अन्तर्गत विलाशपुर निर्माण सेवासँग खरिद सम्झौता अन्त्य गरि बाँकी कार्य पुरा गर्न आवश्यक रकम निर्माण व्यसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेमा निर्माण व्यवसायीलाई भुक्तानी गरिएको रु. १५,३२,६८१/– सम्वन्धमा विस्तृत छलफल गर्दा उक्त रकम प्राविधिकको नापी किताब अनुसार वास्तविक कार्य सम्पादन भएकै आधारमा भुक्तानी भएको प्रमाणित भएको छ । तत्कालीन समयमा स्रोतको संकुचनका कारण उक्त ठेक्का अगाडि बढाउन नसकी मिति २०८०/०५/१५ को नगर कार्यपालिकाको निर्णय बमोजिम दुवै पक्षलाई थप आर्थिक व्ययभार नपर्ने गरी सम्झौता अन्त्य गरिएको भए तापनि, सो अधुरो संरचनालाई पालिकाको वैकल्पिक व्यवस्थापन मार्फत हाल पूर्ण रूपमा निर्माण सम्पन्न गरी पालिकाको स्वामित्वमा उपयोग समेत भइसकेको छ। यसरी राज्यकोषको लगानी खेर नगई पूर्ण प्रतिफल प्राप्त भइसकेको अवस्था छ। सार्वजनिक खरिद ऐन र नियमावलीका प्राविधिक तथा प्रक्रियागत व्यवस्थाहरू पालना गर्ने सन्दर्भमा सिर्जना भएको यस विशिष्ट परिस्थितिलाई मनन गर्दै, कार्यालयलाई अब उप्रान्त खरिद सम्झौता अन्त्य वा परिमार्जन गर्दा कानुनी प्रक्रियामा पूर्ण सजगता अपनाउने र यस्ता प्रक्रियागत त्रुटिहरू अब नदोहोर्‍याउने दृढ प्रतिवद्धता समेत प्राप्त भएको हुँदा, उक्त भवन सम्पन्न भइसकेको यथार्थतालाई समेत स्वीकार गरी एकपटकका लागि प्राविधिक त्रुटिलाई सच्याउँदै उक्त बेरुजु नियमित गर्न कार्यपालिकालाई निर्देशन दिने र बेरुजु सम्परीक्षणको लागी महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लेकबेसी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३ | निर्णयबाट 'बजेट/स्रोत व्यवस्थापन हुन नसकेको' भनी दुवै पक्षलाई थप आर्थिक व्ययभार नपर्ने गरी सुविधाको आधारमा खरिद सम्झौता रद्द गरिएको देखियो। सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीको कार्यसम्पादन जमानत जफत नगरेको र बाँकी काम गराउन लाग्ने रकम समेत असुल नगरी उल्टै रु. १५,३२,६८१।० भुक्तानी दिएकोले अनियमित देखिएको | | | |
| २०८१।०८२ को जम्मा | | | | | १२९२३७६० | | |
| कुल जम्मा | | | | | ७२९४६६२० | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

निर्णय नं. ७

यस नगर सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८२/०८३ को न्यायिक कार्यसम्पादन प्रतिवेदन माथि आवश्यक छलफल सम्पन्न भई न्यायिक समितिबाट सम्पादन भएका उजुरी दर्ता, मेलमिलाप, विवाद निरूपण, फैसला कार्यान्वयन तथा अन्य न्यायिक गतिविधिहरूको समीक्षा गरियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ तथा अन्य प्रचलित कानून बमोजिम न्यायिक समितिले सम्पादन गरेका कार्यहरूको विवरण समेटिएको उक्त प्रतिवेदनले स्थानीय स्तरमा न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न, विवादहरूको सौहार्दपूर्ण समाधान गर्न तथा न्यायिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको देखियो । साथै, प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्दै न्यायिक समितिको संस्थागत क्षमता सुदृढ गर्ने, मेलमिलाप तथा विवाद समाधान प्रक्रियालाई थप प्रभावकारी बनाउने, न्याय सम्पादनमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने तथा नागरिकलाई छिटो, छरितो र सहज न्यायिक सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिदै आर्थिक वर्ष २०८२/०८३ को न्यायिक कार्यसम्पादन प्रतिवेदन सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

यस नगर सभामा नगर कार्यपालिकाबाट प्रस्तुत लेकवेशी नगरपालिकाको "खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८३" माथि दफावार छलफल सम्पन्न भई सभासद्‌हरूबाट प्राप्त सुझाव तथा रायहरूलाई आवश्यकतानुसार समावेश गर्ने र विधेयक कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, मापदण्ड तथा संस्थागत व्यवस्थापन सम्बन्धी कार्यहरू प्रचलित कानून बमोजिम नगर कार्यपालिकाले अगाडि बढाउने गरी उक्त विधेयकलाई कर्णाली प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ९

यस नगर सभा अधिवेशनको बैठकमा १५ शैया नगर अस्पतालको नयाँ भवन (ठेक्का नं. 14-NCB/WORKS/LM/9/077-078) को निर्माण कार्यको म्याद थप गर्ने सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा निर्माणस्थल वन क्षेत्रभित्र परेकाले आवश्यक रुख कटान तथा हटाउने कार्य समयमा सम्पन्न हुन नसकी निर्माण कार्य प्रभावित भएको, उक्त अवस्था निर्माण व्यवसायीको नियन्त्रण बाहिरको कारणबाट सिर्जना भएको तथा हाल सम्बन्धित निर्माण व्यवसायीले बैंक ग्यारेन्टी, निर्माण समय तालिका र म्याद थपको निवेदन पेश गरी निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता जनाएको हुँदा प्रस्ताव माथि भएको छलफल तथा सम्बन्धित शाखाको राय, सिफारिस र पेश भएका कागजातहरूको अध्ययनबाट निर्माण कार्यलाई निरन्तरता दिई समयमै सम्पन्न गराउन सार्वजनिक हित, स्वास्थ्य सेवा विस्तार तथा नगरपालिकाको लगानी संरक्षणका दृष्टिले आवश्यक देखिएको हुँदा प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम निर्माण व्यवसायी श्री खड्का-ओली-शुभ आशिर्वाद जे.भी., कोहलपुर-११, बाँकेलाई आ.व. २०८३/०८४ को २०८३/०४/०१ गतेबाट आ.व. २०८४/०८५ को २०८५ असार २० गते सम्म (२४ महिना) को समायवधि म्याद थप स्वीकृत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

गर्ने र आवश्यक प्रशासनिक तथा कानुनी प्रक्रिया पूरा गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरपालिकामा आ.व. २०८३/०८४ को लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान तोकिएको कार्यक्रम र शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस लेकवेशी नगरपालिकाबाट आ.व.०८३/०८४ मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा उपभोक्ताको जनसहभागिता हुने खानेपानी तथा सरसफाई, सिंचाई र साना मर्मत सुधारका योजनाहरु उपभोक्ता समिति र बाँकी योजनाहरूको निर्माण कार्यको प्रकृति हेरी उपभोक्ता समिति, बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको समग्र विकासको लागि विषयगत रणनीतिक योजना र विभिन्न विषयगत तालिमको लागि सरकारी तथा गैरसरकारी संघ संस्था र साझेदार निकायसँग सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकामा आ.व. ०८२/०८३ मा सञ्चालन भई विभिन्न मितिमा जाँचपास तथा फरफारक भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको सम्पूर्ण खर्चहरू अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको लागि चालु आ.व. २०८२/०८३ मा रकम नपुग भएका शिर्षकहरूमा रकम बचत भएका शिर्षक तथा कार्यक्रमबाट रकमान्तर गरी खर्च गर्ने सम्बन्धि नगर कार्यपालिकाबाट भएका सम्पूर्ण निर्णयहरू अनुमोदन गरियो ।

निर्णय नं. १५

लेकवेशी नगरपालिका क्षेत्र भित्र आगामी आ.व.०८३/०८४ मा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएका अन्य कार्यक्रमहरू यस नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने र सरकारी तथा गैरसरकारी संस्थाहरूले पेश गरेका कार्यक्रमहरू अनुमोदन गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

आ.व. ०८३/०८४ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरूमा मर्मत सम्भार कोष १ प्रतिशत र आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) ४ प्रतिशत कायम गर्ने निर्णय गरियो ।

... कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार ...
नगर प्रमुख

निर्णय नं. १७

यस नगरपालिकाको स्वीकृत दरबन्दी बमोजिम आवश्यक कर्मचारीको पदपूर्ति भई नसकेको हुँदा हाल यस नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय, नगर अस्पताल र स्वास्थ्य संस्थाहरूमा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरूको अर्को व्यवस्था भएमा सोही बमोजिम हुने गरी आवश्यकताको आधारमा करार अवधि निरन्तरता एवं म्याद थप तथा पदपूर्ति गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १८

यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूलाई नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९

सङ्घीय सरकारले स्वीकृत गरी हालसम्म कार्यान्वयनमा रहेको यस नगरपालिकाको स्थायी दरबन्दीका अतिरिक्त नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन देहाय अनुसारको करार दरबन्दी स्वीकृतका लागि नगर प्रमुखबाट नगर सभाको १९औं अधिवेशनको मिति २०८३/०३/३० गते बसेको बैठकमा पेश गरिएको प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | १ (एक) |
| २ | ल्याब असिस्टेण्ट | चौथो | ५ (पाँच) |
| ३ | अ.हे.ब. | चौथो | ८ (आठ) |
| ४ | हलुका सवारी चालक २ + ब्याक हो लोडर अपरेटर १+ एम्बुलेन्स चालक २ + हेभी सवारी चालक | प्रथमस्तर | ६ (छ) |
| ५ | कार्यालय सहयोगी (नगर कार्यपालिकाको कार्यालय/ वडा कार्यालय/ नगर अस्पताल, स्वास्थ्य चौकी र आधारभुत तथा सामुदायिक स्वास्थ्य केन्द्र समेत) | प्रथमस्तर | २६ (छब्बिस) |
| ६ | अ.न.मी. | चौथो | ९ (नौ) |
| ७ | वैद्य | चौथो | १ (एक) |
| ८ | कृषि/ पशु प्राविधिक | चौथो | ४ (चार) |
| ९ | MIS अपरेटर | पाँचौ | १ (एक) |
| १० | फिल्ड सहायक | चौथो | १ (एक) |
| ११ | उद्यम विकास सहजकर्ता | चौथो | १ (एक) |
| १२ | रोजगार संयोजक | छैटौ | १ (एक) |
| १४ | सूचना प्रविधि अधिकृत | सातौ | १ (एक) |
| १५ | फार्मेसी सहायक | पाँचौ | १ (एक) |
| १६ | रेडियोग्राफर | पाँचौ | १ (एक) |
| १७ | असिष्टेण्ट सब-इन्जिनियर | चौथो | २ (दुई) |

कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १८ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | १ (एक) |
| १९ | चौकीदार | श्रेणीविहिन | १ (एक) |
| | जम्मा | | ७१ (सत्तरी) |

निर्णय नं. २०

यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत नगरपालिकाको अनुदानबाट पारिश्रमिक पाउने शिक्षक, विद्यालय कर्मचारी र बालविकास शिक्षकको पारिश्रमिक मासिक सुविधा साविक बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१

यस नगरपालिकाको कर्मचारी पदपूर्ति समितिले आ.व. ०८२/०८३ मा सम्पन्न गरेको पदपूर्ति सम्बन्धि कार्यहरूको प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २२

मिति २०८२ श्रावण १ गते देखि २०८३ आषाढ ३२ गते सम्म नगर कार्यपालिका बैठकबाट भए गरेका सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २३

यस लेकवेशी नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी अभाव हुँदा अध्यापन कार्यमा पर्न गएको कठिनाईलाई सहज बनाउन यस अघि नगर शिक्षा समिति र नगर कार्यपालिकाको निर्णय बमोजिम अनुदान रकमबाट करार सेवामा नियुक्त शिक्षकहरूलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २४

विगत आर्थिक बर्षहरूमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत ठेक्का सम्झौता भई सञ्चालन भएका आयोजनाहरू स्रोत अभावको कारण हाल सम्म पनि अधुरो रहेकोले उक्त आयोजना सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थाको लागि लागत अनुमान तयार गरी नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

निर्णय नं. २५

यस लेकवेशी नगरपालिका अन्तर्गतको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूको आर्थिक वर्ष २०८३/०८४ का लागि मासिक तलब भत्ता नगर कार्यपालिकाबाट पेश भए अनुसार देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

(क) नगरपालिकाको आन्तरिक तर्फको

| सि.नं. | कर्मचारीको नामथर | पद | श्रेणी/तह | कार्यालय | तलब स्केल | पालिकाबाट व्यहोर्ने | | | चाडपर्व खर्च १ महिना को | पोसाक भत्ता | हाजाई भत्ता (मासिक तलबको २५%) | हाजाई भत्ता (वार्षिक) | फिल्ड भत्ता (मासिक) | फिल्ड भत्ता (वार्षिक) | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | तलब | महिना | जम्मा | | | | | | | |
| १ | केशव फौजा | हलुका सवारी चालक | प्रथमस्तर | नगर कार्यपालिका | ३०३७३ | ३०३७३ | १२ | ३६४४७६ | ३०३७३ | ७००० | ० | ० | २००० | २४००० | ४२५८४९ |
| २ | प्रेम बहादुर पचभैया | हलुका सवारी चालक | प्रथमस्तर | नगर कार्यपालिका | ३०३७३ | ३०३७३ | १२ | ३६४४७६ | ३०३७३ | ७००० | ० | ० | २००० | २४००० | ४२५८४९ |
| ३ | अम्मर बहादुर घर्ति | ब्याक हो लोडर अपरेटर | प्रथमस्तर | नगर कार्यपालिका | ३२७०० | ३२७०० | १२ | ३९२४०० | ३२७०० | ७००० | ० | ० | ० | ० | ४३२१०० |
| ४ | साधना गाहा | कार्यालय सहयोगी | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ५ | कल्पना तारम | कार्यालय सहयोगी | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ६ | लोकर्ण सुनार | कार्यालय सहयोगी | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ७ | नर बहादुर मर्सांङ्घी | कार्यालय सहयोगी | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ८ | मानसिं विश्वकर्मा | कार्यालय सहयोगी | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ९ | लक्ष्मी प्रसाद चपाई | चौकिदार | प्रथमस्तर | नगर कार्यपालिका | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| १० | महेन्द्र बहादुर खड्का | हेभी सवारी चालक | प्रथमस्तर | नगर कार्यपालिका | ३२७०० | ३२७०० | १२ | ३९२४०० | ३२७०० | ७००० | ० | ० | ० | ० | ४३२१०० |
| ११ | सरिता अधिकारी | वैद्य | चौथो | नगर कार्यपालिका | ३६१९२ | ३६१९२ | १२ | ४३४३०४ | ३६१९२ | १०००० | ० | ० | ० | ० | ४८०४९६ |
| १२ | हर्क बहादुर चुहान | अ.सब-इन्जिनियर | चौथो | नगर कार्यपालिका | ३६१९२ | ३६१९२ | १२ | ४३४३०४ | ३६१९२ | १०००० | ० | ० | ० | ० | ४८०४९६ |
| १३ | लोकराज घर्ति | अ.सब-इन्जिनियर | चौथो | नगर कार्यपालिका | ३६१९२ | ३६१९२ | १२ | ४३४३०४ | ३६१९२ | १०००० | ० | ० | ० | ० | ४८०४९६ |
| १४ | शिशिर मिदुन | कार्यालय सहयोगी | प्रथमस्तर | १ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| १५ | यमुना गुरुङ्ग | कार्यालय सहयोगी | प्रथमस्तर | २ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | कालिका रावत | कार्यालय सहयोगी | प्रथमस्तर | ३ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| १७ | प्रदिप थापा मगर | कार्यालय सहयोगी | प्रथमस्तर | ४ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| १८ | मुन बहादुर रावत | कार्यालय सहयोगी | प्रथमस्तर | ५ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| १९ | पवित्रा रामजाली मगर | कार्यालय सहयोगी | प्रथमस्तर | ६ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| २० | तिलक कुमार सुनार | कार्यालय सहयोगी | प्रथमस्तर | ७ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| २१ | लाल बहादुर विरकट्टा | कार्यालय सहयोगी | प्रथमस्तर | ८ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| २२ | नन्द बहादुर ठाडा | कार्यालय सहयोगी | प्रथमस्तर | ९ नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| २३ | नन्द प्रसाद भण्डारी | कार्यालय सहयोगी | प्रथमस्तर | १० नं. वडा कार्यालय | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| २४ | - | मेडिकल अधिकृत | आठौं | नगर अस्पताल | ४८७३७ | ४८७३७ | १२ | ५८४८४४ | ४८७३७ | १००० | ० | ० | ० | ० | ६३४५८१ |
| २५ | धनराज आचार्य | अ.हे.ब. | चौथो | नगर अस्पताल | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| २६ | बिक्रम बहादुर मर्साङ्गी | हलुका सवारी चालक (एम्बुलेन्स) | प्रथमस्तर | नगर अस्पताल | ३०३७३ | ३०३७३ | १२ | ३६४४७६ | ३०३७३ | ७००० | ० | ० | २००० | २४००० | ४२५८४९ |
| २७ | योगेश विरकट्टा | फार्मेसी सहायक | पाँचौ | नगर अस्पताल | ३४७३० | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ७००० | ० | ० | ० | ० | ४५८४९० |
| २८ | विवेक शाही | रेडियोग्राफर | पाँचौ | नगर अस्पताल | ३४७३० | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ७००० | ० | ० | ० | ० | ४५८४९० |
| २९ | दिपिमा मगर | अ.न.मी. | चौथो | नगर अस्पताल | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ३० | पदम बहादुर मल्ल | कार्यालय सहयोगी | प्रथमस्तर | नगर अस्पताल | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ३१ | प्रेम बहादुर पुन | ल्याब असिस्टेन्ट | चौथो | स्वास्थ्य चौकी लेखफर्सा | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ६७३८ | ८०८५६ | ० | ० | ४३८२०६ |
| ३२ | पुजा सोनार | अ.न.मी. | चौथो | स्वास्थ्य चौकी लेखफर्सा | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ३३ | मनकला मगर | कार्यालय सहयोगी | प्रथमस्तर | स्वास्थ्य चौकी लेखफर्सा | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ३४ | याम कुमारी अधिकारी | कार्यालय सहयोगी | प्रथमस्तर | स्वास्थ्य चौकी साटाखानी | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ३५ | महेश सोमै | हलुका सवारी चालक (एम्बुलेन्स) | प्रथमस्तर | स्वास्थ्य चौकी साटाखानी | ३०३७३ | ३०३७३ | १२ | ३६४४७६ | ३०३७३ | ७००० | ० | ० | २००० | २४००० | ४२५८४९ |
| ३६ | मैसरी नेपाली | अ.न.मी. | चौथो | स्वास्थ्य चौकी साटाखानी | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | डिलमाया जि.सी. | ल्या. अ. | चौथो | स्वास्थ्य चौकी साटाखानी | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ६७३८ | ८०८५६ | ० | ० | ४३८२०६ |
| ३८ | प्रतिमा बुढा | अ.न.मी. | चौथो | स्वास्थ्य चौकी नेटा | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ३९ | हिरा रसाईली | ल्याब असिस्टेन्ट | चौथो | स्वास्थ्य चौकी नेटा | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ६७३८ | ८०८५६ | ० | ० | ४३८२०६ |
| ४० | डिलसरी थापा | का.स. | प्रथमस्तर | स्वास्थ्य चौकी नेटा | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ४१ | प्रभा परियार | अ.हे.व. | चौथो | स्वास्थ्य चौकी कल्याण | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ४२ | प्रदिप वि.क. | ल्याब असिष्टेण्ट | चौथो | स्वास्थ्य चौकी कल्याण | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ६७३८ | ८०८५६ | ० | ० | ४३८२०६ |
| ४३ | देव बहादुर सिजाली | कार्यालय सहयोगी | प्रथमस्तर | स्वास्थ्य चौकी कल्याण | २४७०२ | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ७००० | ० | ० | ० | ० | ३२८१२६ |
| ४४ | जानकी देवकोटा | अ.न.मी. | चौथो | स्वास्थ्य चौकी कल्याण | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ४५ | विमला कुमारी खत्री | अ.हे.व. | चौथो | सामुदायिक लेखगाउँ | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ४६ | मन कमारी पुन | अ.न.मी. | चौथो | सामुदायिक लेखगाउँ | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ४७ | गगन बहादुर झामी राना | कार्यालय सहयोगी | प्रथमस्तर | सामुदायिक लेखगाउँ | २२००० | २२००० | १२ | २६४००० | २२००० | ७००० | ० | ० | ० | ० | २९३००० |
| ४८ | सीता कुमारी थापा | अ.हे.व. | चौथो | सामुदायिक रानागाउँ | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ४९ | गोपालकृष्ण गाहा | कार्यालय सहयोगी | प्रथमस्तर | सामुदायिक रानागाउँ | १९५०० | १९५०० | १२ | २३४००० | १९५०० | ७००० | ० | ० | ० | ० | २६०५०० |
| ५० | ललित घर्ति | कार्यालय सहयोगी | प्रथमस्तर | सामुदायिक बाहगाउँ | २२००० | २२००० | १२ | २६४००० | २२००० | ७००० | ० | ० | ० | ० | २९३००० |
| ५१ | भक्त बहादुर रोकाय | अ.हे.व. | चौथो | आधारभूत ब्याबरे | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ५२ | टिका मल्ल | कार्यालय सहयोगी | प्रथमस्तर | आधारभूत ब्याबरे | २२००० | २२००० | १२ | २६४००० | २२००० | ७००० | ० | ० | ० | ० | २९३००० |
| ५३ | धारणा अधिकारी | अ.हे.व. | चौथो | आधारभूत फर्सा | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ५४ | रेशम ठाडा | कार्यालय सहयोगी | प्रथमस्तर | आधारभूत फर्सा | २२००० | २२००० | १२ | २६४००० | २२००० | ७००० | ० | ० | ० | ० | २९३००० |
| ५५ | पार्वती शर्मा | अ.न.मी. | चौथो | आधारभूत लवना | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ५६ | सिमोन हिस्की | अ.हे.व. | चौथो | आधारभूत कुइनेपानी | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ५७ | सरस्वती राजी | अ.न.मी. | चौथो | आधारभूत कुइनेपानी | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ५८ | मनिषा हिस्की | अ.हे.व. | चौथो | आधारभूत साटाफाँट | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५९ | अर्पिता हमाल | अ.न.मी. | चौथो | आधारभूत साटाफाँट | २६९५० | २६९५० | १२ | ३२३४०० | २६९५० | ७००० | ० | ० | ० | ० | ३५७३५० |
| ६० | पवित्रा लामिछाने | कार्यालय सहयोगी | प्रथमस्तर | आधारभूत साटाफाँट | २२००० | २२००० | १२ | २६४००० | २२००० | ७००० | ० | ० | ० | ० | २९३००० |
| | | कुल जम्मा | | | | | | | | | | | | | २२००३८८९ |

(ख) संघीय र प्रदेश अनुदानका कर्मचारीको साझेदारीबाट व्यहोर्ने तर्फः

| सि.नं. | कर्मचारीको नामथर | पद | श्रेणी/तह | कार्यालय | तलब स्केल | पालिकाबाट साझेदारी | पालिकाबाट व्यहोर्नु पर्ने | | | चाडपर्व खर्च १ महिनाको | पोसाक भत्ता | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तलब | महिना | जम्मा | | | |
| १ | छविलाल वली | ना.प.स्वा.प्रा. | चौथो | नगर कार्यपालिका | ३२९०२ | १६४५१ | १६४५१ | १२ | १९७४१२ | ३२९०२ | ७००० | २३७३१४ |
| २ | सुदिप न्यौपाने | सूचना प्रविधि अधिकृत | सातौ | नगर कार्यपालिका | ४५८५१ | ११४६२।७५ | ११४६३ | १२ | १३७५५३ | ४३६८९ | १०००० | १९१२४२ |
| ३ | नमराज आचार्य | एम.आई.एस. अपरेटर | पाँचौ | नगर कार्यपालिका | ३४७३० | १७३६५ | १७३६५ | १२ | २०८३८० | ३४७३० | १०००० | २५३११० |
| ४ | शोभा खत्री | फिल्ड सहायक | चौथो | नगर कार्यपालिका | ३२९०२ | १६४५१ | १६४५१ | १२ | १९७४१२ | ३२९०२ | १०००० | २४०३१४ |
| ५ | कमला ज्ञवाली | ना.प.स्वा.प्रा. | चौथो | नगर कार्यपालिका | ३२९०२ | १६४५१ | १६४५१ | १२ | १९७४१२ | ३२९०२ | ७००० | २३७३१४ |
| ६ | लोकेन्द्र थापा | ना.प्रा.स. | चौथो | नगर कार्यपालिका | ३२९०२ | १६४५१ | १६४५१ | १२ | १९७४१२ | ३२९०२ | ७००० | २३७३१४ |
| ७ | शर्मिला गुरुङ्ग | ना.प्रा.स. | चौथो | नगर कार्यपालिका | ३२९०२ | १६४५१ | १६४५१ | १२ | १९७४१२ | ३२९०२ | ७००० | २३७३१४ |
| ८ | - | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | नगर कार्यपालिका | ३४७३० | १७३६५ | १७३६५ | १२ | २०८३८० | ३४७३० | ७००० | २५०११० |
| | | | | | | | | | | | जम्मा | १८८४०३२ |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

निर्णय नं. २६

यस लेकवेशी नगरपालिका अन्तर्गत आगामी आ.व.०८३/०८४ मा आयोजना तथा कार्यक्रम सञ्चालन गर्न आयोजना तथा कार्यक्रम पेश गरेका देहायका सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूको वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गरी वार्षिक बजेट पुस्तिकामा समावेश गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

| सि.नं. | संघ/संस्थाको नाम र ठेगाना | सञ्चालन हुने कार्यक्रम | बार्षिक बजेट (रू.) | पालिकाको सहकार्य (रू.) | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय कृषक समूह महासंघ नेपाल | १. कृषक क्षमता विकास तथा बीउ विजन वितरण | १५००००० | - | लेकवेशी नगरपालिका |
| २ | विश्व खाद्य कार्यक्रम (WFP) | १. दिवा खाजा कार्यक्रम | २९००००० | ११००००० | लेकवेशी नगरपालिका |
| ३ | वातावरण सुधार समाज, सुर्खेत | १. किशोर किशोरीका लागि बालविवाह रोकथाम | ३०४४२५० | - | वडा नं. १ र २ |
| ४ | विराट नेपाल मेडिकल ट्रष्ट, विराटनगर, मोरङ | १. क्षयरोग पहिचान, खकार ढुवानी, परामर्श, सम्पर्क परीक्षण | ४७०००० | - | लेकवेशी नगरपालिका |
| ५ | रेस्ट कार्यक्रम | १. विपन्न बालबालिकालाइ छात्रवृत्ति | १०००००० | | लेकवेशी नगरपालिका |
| ६ | नेपाल नाजरेत सोसाइटी, नवज्योति केन्द्र, वीरेन्द्रनगर, सुर्खेत । | १. घुम्ती स्वास्थ्य शिविर<br>२. विशेष शिविर | ५००००० | - | वडा नं. ९ |
| ७ | हेल्भेटास नेपाल र सुन्दर नेपाल संस्था, सुर्खेतको साझेदारी कार्यक्रम | १. पोषण कार्यक्रम<br>२. एकीकृत जलस्रोत व्यवस्थापन | ७११०४००<br>९०६०००० | -<br>३८७३००० | लेकवेशी नगरपालिका |
| ८ | सुन्दर नेपाल संस्था, सुर्खेत | १. बहुक्षेत्रीय पोषण परियोजना<br>२. खानेपानी, सरसफाइ र स्वच्छता सुचारूपना तथा मर्मत सम्भार कार्यक्रम | १७३१६४०० | - | लेकवेशी नगरपालिका |
| ९ | नवकिरण प्लस, वीरेन्द्रनगर, सुर्खेत | १. आय आर्जन<br>२. पोषण र उपचार खर्च | ९२५००० | - | लेकवेशी नगरपालिका |
| १० | कारखाना समूह, सानेपा, ललितपुर | १. शिक्षामा जवाफदेहिता प्रवर्द्धन | ७००००० | - | लेकवेशी नगरपालिका |
| ११ | Multiple Development Society (MPDS), डडेल्धुरा | १. व्यवहार परिवर्तन कार्यक्रम<br>२. HIV Test | ४९३५२२ | - | लेकवेशी नगरपालिका |
| १२ | समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत | १. HSR-SRHR परियोजना | ७०११२४४.७५ | - | लेकवेशी नगरपालिका |

कुमार शर्मा

उमेश कुमार पौडेल

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | असहाय विद्यार्थीहरूको संघ | १. बालबालिका बेचबिखन | ९८२७०९ | - | लेकवेशी नगरपालिका |
| १४ | मानव अधिकारका लागि महिला एकल महिला समूह (हाम्रो साहस परियोजना), वीरेन्द्रनगर, सुर्खेत | १. लैङ्गिक असमानता र लैङ्गिक हिंसा रोकथाम<br>२. बालविवाह विरूद्ध साझा अभियान | ५९९२८७४ | - | वडा नं. २, ६ र ८ |
| १५ | अपाङ्गता भएका आदिवासी जनजातिका लागि अनुसन्धान र विकास केन्द्र, सुर्खेत | १. अपाङ्गता भएका व्यक्तिहरूका लागि जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम | ५००००० | - | लेकवेशी नगरपालिका |
| १६ | अटिजम केयर नेपाल सोसाइटी, सुर्खेत | १. अटिजम सचेतना र समावेशी विकास प्रवर्द्धन | २१७६९५० | - | लेकवेशी नगरपालिका |
| १७ | वैकल्पिक उर्जा विकास कम्पनी (प्रा.लि.) | १. गोबरग्याँस प्लान्ट निर्माण | - | - | लेकवेशी नगरपालिका |
| | कुल जम्मा | | ६१६८३३४९.७५ | ४९७३००० | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

तेह्रथुम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कन्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय नं. २७

यस नगरपालिकाको लेखा समितिबाट आ.व. २०८२/०८३ मा नगरपालिकाको आय-व्यय, आर्थिक कारोबार, बजेट कार्यान्वयन, बेरुजु तथा वित्तीय अनुशासन लगायतका विषयमा गरिएको अध्ययन, अनुगमन तथा परीक्षणबाट तयार गरी पेश भएको लेखा समितिको वार्षिक प्रतिवेदन नगर सभाको बैठकमा पेश भई विस्तृत छलफल गरियो। उक्त प्रतिवेदनमा उल्लेखित विषयवस्तु, सुझाव तथा सिफारिसहरू उपर नगर सभाका सदस्यहरूबाट आवश्यक छलफल तथा विचार-विमर्श पश्चात् देहाय बमोजिम गर्ने गरी लेखा समितिको वार्षिक प्रतिवेदन अनुमोदन गरी आवश्यक कार्यान्वयन तथा सुधारका लागि देहाय बमोजिम निर्देशन दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

देहाय:

१. लेखा समितिबाट पेश भएको आ.व. २०८२/०८३ को लेखा समितिको वार्षिक प्रतिवेदनलाई अनुमोदन गर्ने।
२. प्रतिवेदनमा उल्लेखित वित्तीय अनुशासन, बजेट कार्यान्वयन, आय-व्यय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, बेरुजु व्यवस्थापन तथा आर्थिक कारोबारमा सुधार गर्न दिइएका सुझाव तथा सिफारिसहरूलाई आवश्यकता अनुसार कार्यान्वयन गर्ने ।
३. लेखा समितिको वार्षिक प्रतिवेदनमा औंल्याइएका सुधार गर्नुपर्ने विषयहरूमा सम्बन्धित शाखा, वडा कार्यालय तथा जिम्मेवार पदाधिकारी/कर्मचारीले प्रचलित कानून, स्वीकृत बजेट तथा कार्यक्रमको सीमा भित्र रही आवश्यक सुधार तथा कार्यान्वयन गर्ने ।
४. प्रचलित कानून बमोजिम नियमित गर्न, असुल उपर गर्न तथा प्रमाण पेश गर्नुपर्ने बेरुजुहरूलाई सम्बन्धित जिम्मेवार पदाधिकारी/कर्मचारीबाट आवश्यक प्रमाण तथा कागजात संकलन गरी नियमानुसार फछ्र्यौट तथा सम्परीक्षणको व्यवस्था मिलाउने ।
५. आगामी दिनमा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद, राजस्व संकलन, खर्च लेखाङ्कन, जिन्सी व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानून तथा कार्यविधिको पूर्ण पालना गर्ने/गराउने।
६. लेखा समितिको प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी आवश्यक प्रगति विवरण लेखा समितिमा पेश गर्ने व्यवस्था मिलाउने ।
७. यस निर्णयको कार्यान्वयनका लागि नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा तथा सम्बन्धित शाखा/उपशाखालाई आवश्यक निर्देशन दिने ।

निर्णय नं. २८

यस नगरपालिकाको विधायन समितिबाट प्रचलित कानून, नगरपालिकाबाट तर्जुमा गरिएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा अन्य कानूनी दस्तावेजहरूको अध्ययन, समीक्षा तथा आवश्यकता अनुसार संशोधन/परिमार्जन सम्बन्धमा तयार गरी पेश भएको विधायन समितिको प्रतिवेदन नगर सभाको बैठकमा पेश भई सो प्रतिवेदनमा उल्लेखित विषयवस्तु, सुझाव तथा सिफारिसहरू उपर विस्तृत छलफल गरियो । छलफलका क्रममा विधायन समितिको प्रतिवेदनमा उल्लेखित कानूनी व्यवस्था, विद्यमान कानूनको कार्यान्वयन अवस्था तथा स्थानीय आवश्यकताका आधारमा कानून निर्माण, संशोधन, परिमार्जन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउने विषयमा

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत कर्णाली प्रदेश, नेपाल

विचार-विमर्श गरियो । तत्पश्चात् नगर सभाबाट देहाय बमोजिम निर्देशन दिने गरी विधायन समितिको प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसहरूलाई आवश्यकताअनुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१. विधायन समितिबाट पेश भएको विधायन समितिको वार्षिक प्रतिवेदनलाई अनुमोदन गर्ने ।
२. प्रतिवेदनमा उल्लेखित सुझाव तथा सिफारिसहरूलाई नगरपालिकाको कानून निर्माण तथा कार्यान्वयन प्रक्रियामा आवश्यकता अनुसार समावेश गरी कार्यान्वयन गर्ने ।
३. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा अन्य कानूनी दस्तावेजहरूलाई प्रचलित संघीय तथा प्रदेश कानूनसँग सामञ्जस्य कायम हुने गरी आवश्यक अध्ययन, समीक्षा तथा परिमार्जन गर्ने ।
४. स्थानीय आवश्यकताका आधारमा आवश्यक नयाँ कानून तर्जुमा गर्नुपर्ने भएमा विधायन समितिले सम्बन्धित विषयको अध्ययन गरी आवश्यक मस्यौदा तयार गर्ने तथा प्रचलित कानून बमोजिम नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।
५. नगरपालिकाका विद्यमान कानूनहरूमा देखिएका अस्पष्टता, दोहोरोपन, कार्यान्वयनमा देखिएका समस्या तथा समयानुकूल संशोधन गर्नुपर्ने विषयहरूको पहिचान गरी आवश्यक सुधार तथा परिमार्जन गर्ने ।
६. कानून निर्माण गर्दा संविधान, संघीय कानून, प्रदेश कानून तथा स्थानीय तहको अधिकारक्षेत्र र प्रचलित विधायनसम्बन्धी प्रक्रिया एवं मापदण्डको पालना गर्ने/गराउने ।
७. विधायन समितिको प्रतिवेदनमा औंल्याइएका विषयहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सम्बन्धित शाखा/उपशाखा तथा जिम्मेवार पदाधिकारीलाई आवश्यक समन्वय र सहजीकरण गर्ने ।
८. आगामी दिनमा नगरपालिकाबाट निर्माण हुने कानूनहरूलाई स्पष्ट, कार्यान्वयन योग्य, स्थानीय आवश्यकता र व्यवहारिकतामा आधारित तथा प्रचलित कानूनसँग नबाझिने गरी तर्जुमा गर्ने ।
९. यस निर्णयको कार्यान्वयन तथा विधायन समितिको सिफारिस बमोजिम आवश्यक कार्य अघि बढाउन नगर कार्यपालिका, विधायन समिति तथा सम्बन्धित शाखा/ उपशाखालाई निर्देशन दिने ।

निर्णय नं. २९

यस नगरपालिकाको सुशासन समितिबाट नगरपालिकाको सेवा प्रवाह, प्रशासनिक कार्यसम्पादन, पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व, गुनासो व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सुनुवाइ तथा सामाजिक जवाफदेहिता लगायतका विषयमा गरिएको अध्ययन, अनुगमन तथा समीक्षा गरी तयार गरिएको सुशासन समितिको प्रतिवेदन नगर सभाको बैठकमा पेश भई प्रतिवेदनमा उल्लेखित विषयवस्तु, सुझाव तथा सिफारिसहरू उपर विस्तृत छलफल गरियो । छलफलका क्रममा नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, नागरिकमैत्री तथा परिणाममुखी बनाउने, प्रशासनिक कार्यमा सुशासन कायम गर्ने तथा जनताको गुनासो र अपेक्षालाई समयमै सम्बोधन गर्ने विषयमा आवश्यक विचार-विमर्श गरी सुशासन समितिको वार्षिक प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसहरू कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१. सुशासन समितिबाट पेश भएको सुशासन समितिको वार्षिक प्रतिवेदनलाई अनुमोदन गर्ने ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

२. प्रतिवेदनमा उल्लेखित सुझाव तथा सिफारिसहरूलाई नगरपालिकाको सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह सुधारका लागि आवश्यकता अनुसार कार्यान्वयन गर्ने ।

३. नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई सरल, सहज, छिटो, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाउने व्यवस्था मिलाउने ।

४. सेवाग्राहीका गुनासा, उजुरी तथा सुझावहरूलाई व्यवस्थित रूपमा दर्ता, सुनुवाइ तथा सम्बोधन गर्ने र गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउने ।

५. नगरपालिकाका योजना, बजेट, कार्यक्रम, आय-व्यय तथा सार्वजनिक सरोकारका विषयमा आवश्यक सूचना तथा विवरणहरू प्रचलित कानून बमोजिम नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

६. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा अन्य सामाजिक जवाफदेहिताका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी प्राप्त सुझावहरूलाई सेवा प्रवाह तथा योजना कार्यान्वयनमा समावेश गर्ने ।

७. नगरपालिकामा पारदर्शिता, जवाफदेहिता, विधिको शासन, नागरिक सहभागिता तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने ।

८. कार्यालयबाट सम्पादन हुने कार्यमा अनावश्यक ढिलासुस्ती, प्रक्रियागत जटिलता तथा सेवाग्राहीलाई अनावश्यक हैरानी हुने अवस्था हुन नदिन सम्बन्धित शाखा/ उपशाखा तथा कर्मचारीलाई आवश्यक निर्देशन दिने ।

९. नगरपालिकाका नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी देखिएका कमी, कमजोरी सुधार गर्ने र उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाउने ।

१०. सुशासन समितिको प्रतिवेदनमा औंल्याइएका सुधार गर्नुपर्ने विषयहरूमा सम्बन्धित शाखा/इकाइले आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने र कार्यान्वयनको प्रगति विवरण सम्बन्धित समितिमा पेश गर्ने ।

११. सार्वजनिक पदाधिकारी तथा कर्मचारीहरूले प्रचलित कानून, आचारसंहिता तथा सेवाका निर्धारित मूल्य-मान्यता अनुसार कार्यसम्पादन गरी निष्पक्षता, इमानदारी, पारदर्शिता र उत्तरदायित्व कायम गर्ने व्यवस्था मिलाउने ।

१२. सुशासन समितिले प्रतिवेदनमा उल्लेखित विषयहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी आवश्यक सुझाव सहित आगामी नगर सभामा प्रगति विवरण पेश गर्ने ।

१३. यस निर्णयको प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा/उपशाखा तथा जिम्मेवार पदाधिकारीलाई आवश्यक निर्देशन दिने ।

निर्णय नं. ३०

यस नगरपालिकाका कर्मचारीहरूले आफ्नो जिम्मेवारी प्रति उच्च मनोबलका साथ कार्य सम्पादन गर्न प्रोत्साहन प्रदान गर्ने उद्देश्यले आवश्यक बजेट आन्तरिक स्रोतबाट विनियोजित गरी कार्यबोझका आधारमा अतिरिक्त समय कार्यालयको कामकाजमा खटिएको आधारमा कार्यप्रेरणा भत्ता उपलब्ध गराउने सर्वसम्मतिबाट निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख

निर्णय नं. ३१

विगतका वर्षमा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरू आगामी आ.व.०८२/०८३ मा क्रमागत गर्न र कार्यसम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट स्वीकृत गरी आगामी आ.व. ०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

निर्णय नं. ३२

यस लेकवेशी नगरपालिकाको नगर सभाको १९औं अधिवेशन सञ्चालन गर्नका लागि अहोरात्र कामकाजमा खटिएका कर्मचारीहरूलाई खाईपाई आएको १ महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ३३

यस नगरपालिकाको नगर सभाको १९औं अधिवेशन मिति २०८३/०३/०९ गते शुभारम्भ भई मिति २०८३/०३/३० गते सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय, सल्लाह, सुझाव र सक्रिय सहयोग प्रदान गर्नुहुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, विषयगत समितिका पदाधिकारी, सभाका सदस्यज्यूहरू, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत कार्यालय शाखा प्रमुखहरू, सञ्चारकर्मी, बुद्धिजीवि, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद एवं कृतज्ञता प्रकट गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार पौडेल
नगर प्रमुख